


नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily




वर्ष १ • अंक १८ • २०७९ साल मंसिर ११ गते आइतवार • Sunday 27 Nov. 2022 • पृष्ठ ८ • मूल्य रु. ५/-

# सिमरा सेजमा ३० निजी कम्पनीको ७ अर्व लगानी

## उद्योगहरु आउछन् भन्नेमा विश्वास छैन : उद्योग वाणिज्य महासंघ

शारदा पोखरेल
बारा, मंसिर १०

राष्ट्रिय रुपमा ब्यापार घाटा कम गर्ने र स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले बाराको सिमरामा स्थापना भएको बिशेष आर्थिक क्षेत्र प्राधिकरण सिमरा 'सेज' मा ३० वटा निजी कम्पनिले ७ अर्वको लगानी गर्ने भएका छन् ।

८३३ बिगाहा क्षेत्रफल रहेको सिमरा सेजको 'ए ब्लक' मा मात्रै ३० वटा स्वदेशी निजी कम्पनिले ७ अर्वको लगानी गर्ने सिमरा सेजले जनाएको हो । 'सिमरा सेजको ए ब्लको ६० वटा प्लटमा ३० वटा उद्योगहरु आएका छन्, उनिहरुले करिव ७ अर्व २५ करोड लगानी गर्दछन्, त्यहाँ ४ हजार ४ सयले रोजगारी पाउने निश्चित छ' सेजका कार्यकारी प्रमुख डा.चण्डिका भट्टले भने 'उनिहरुले हामी यति लगानी गर्छौं,रोजगारी यति सिर्जना हुन्छ, विद्युत्त यति खपत हुन्छ यति पानी खपत हुन्छ भनेका छन् त्यसका आधारमा करिव ४ हजार ४ सयले रोजगारी पाउने अनुमान गरिएको हो ।'

तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले २ वर्षभित्र सञ्चालन गर्नेगरी तामझामका साथ शिलन्याश भएको सेजमा ५ वर्षपछि बल्ल उद्योगीहरु आउन ईच्छुक देखिएका हुन् । पटब पटब सार्वजनिक रुपमा सुचना सार्वजनिक गरेपछि सिमरा सेजमा हर्वल प्रोसेशिङ्ग उद्योग, कृषिमा आधारित उद्योग, सिमेन्ट कम्पनिको बोर्डहरु बनाउने, औषधी उद्योगहरुलाई आवश्यक पर्ने उपकरण बनाउने र ठुलो संख्यामा




गार्मेट उद्योगहरु आएको सिमरा सेजले जनाएको छ ।

निजी उद्योगहरुलाई आर्कषण गर्न पछिल्लो समय सेजले जग्गाको भाडादर ५० प्रतिशतले घटाएर प्रतिमहिना प्रतिवर्गमिटर १० रुपयाँ बनाएको छ । त्यसैगरी उत्पादनको पहिलो वर्षमा नै ६० प्रतिशत निर्यात गनुपर्ने बाध्यात्मक व्यवस्थालाई हटाएर शुरुको २ वर्ष भारत सहित तेस्रो मुलुक निर्यात गर्नु नपर्ने र तेस्रो वर्षदेखि २० प्रतिशत,चौथो वर्ष ४० र पाँचौ वर्षदेखि कुल उत्पादनको ६० प्रतिशत निर्यात गर्नुपर्ने व्यवस्था लागु गरेको छ ।

'हामीले निर्यात थ्रेसहोल्ड ६० प्रतिशत गर्नुपर्छ भनेर राखेका छौं, यदि ५ औ वर्षपछि पनि ६० प्रतिशत निर्यात भएन भने के गर्ने भन्ने अहिले नै कार्यविधि बनेको छैन्, गनैपर्छ भन्ने बाध्यात्मक परिस्थित राखेका कारण उद्योगीहरुमा हामी निर्यात गर्नसक्छौ र ? भन्ने आत्मविश्वास नभएका कारण डराएका अवस्था देखिन्छ' सेजका प्रमुख भट्टले भने 'यदि कुनै बिशेष कारणले निर्यात गर्न सकेनन् भने आन्तरिक बजारमा बिकी गर्न दिने र परि स्थिती राम्रो हुदाहुदै निर्यात गर्न सकेन भने केही जरिवाना राखेर स्थानिय बजारमा बिकी गर्न दिने भन्ने विषयमा पनि होमवर्क भईरहेको छ, निर्णय भईसकेको भने छैन्' ।

उद्योग सञ्चालनको पहिलो वर्षदेखि नै उत्पादनको ६० प्रतिशत तेस्रो मुलुक निर्यात गनुपर्ने बाध्यात्मक व्यवस्थाका कारण बिगतमा उद्योगीहरुले सेजमा आउन ईच्छुक भने थिएनन् । हाल सेजले बैकल्पिक ब्यवस्था सहितको ऐन संशोधनको तयारी गरेको छ । जस्का कारण तेस्रो मुलुक निर्यात गर्न नसक्ने उद्योगहरुको हकमा आन्तरिक बजारमा बिकी गर्न दिने व्यवस्था गर्न लागिएको छ ।

सेजले 'ए ब्लक'को ३ सय ४३ बिगाहा मध्ये १ सय ६० बिगाहामा उद्योग सञ्चालनका लागि आवश्यक प्रशासनिक भवन, बैंक, बिमा, हुलाक, भन्सार, क्यान्टिन, आन्तरिक सडक पुर्वाधार, ढल, खानेपानी र विद्युत्तीकरण लगायतका संरचनाहरु बनिसकेका छन् । 'ए ब्लक' को ६८ ओटा प्लट मध्ये ६० वटा प्लट उद्योगीहरुले भाडामा लिईसकेका छन् । सेजले उद्योगका लागि प्रतिप्लट एक देखि डेढ बिगाहा क्षेत्रफलको हुने गरी जग्गाको संरचना तयार गरेको छ ।

'हामीले उद्योग सञ्चालनका लागि अनुमतीपत्र पनि दिईसकेका छौ,अव उहाँहरुले केही समयभित्र उद्योगको निमार्ण कार्य शुरु गर्दै हुनुहुन्छ' सेजका कार्यकारी चण्डिका भट्टले भने ।

सेजेको ए ब्लक बाहेक बि,सि, डि र ई ब्लकको करिव ५ सय बिगाहा जग्गा भने पुरै अतिक्रममा परेको छ । विभिन्न जिल्लावाट आएका बाढी पिडित प्रभावित,सुकुम्बासरी र केही जग्गा माफियाले प्रतिपरिवार १० कट्ठा देखि ५ बिगाहासम्म भोगचलन गर्दै आएका छन् । पछिल्लो समय सेजले सार्वजनिक रुपमा सुचना निकालेर सेजको जग्गा खाली गर्न भनेपनि हालसम्म खाली भने भएको छैन् ।

उद्योग मन्त्रालयले अतिक्रमण परेको संरचना हटाउनु अगावै सो क्षेत्रमा भौतिक संरचना बनाउन नेपाल ईन्फास्ट्रक्चर बैकं लि.(नेर्फरा) नामक कम्पनिसँग भौतिक संरचना निमार्णका लागि २ अर्वको सम्झौता गरिसकेको छ । जस्का कारण भोलिका दिनमा संरचना निमार्णको क्रममा स्थानिय र सेज बिच द्वन्द्ध सिर्जना हुने निश्चित छ । यसअघि पनि सेजले आफनो संरचना बनाउने क्रममा धेरैपटक प्रहरी र स्थानिय विच झडपको अवस्था सिर्जना भएको थियो । 'बि,सि,डि र ई ब्लकमा सरकारको थोरै सेयर रहेने गरी निजी क्षेत्रले लगानीमा छिट्टै भौतिक पुर्वाधारहरु निमार्ण गर्ने तयारी भईरहेको छ' सिमरा सेजका प्राविधिक आनन्द भट्टल भने ।

### उद्योगहरु आउछन् भन्नेमा विश्वास छैन् :उद्योग वाणिज्य महासंघ

सिमरा सेजमा आर्कषण खालको कुनै अफर नभएको भन्दै उद्योगहरु आउछन् भन्नेमा कुनै विश्वास नभएको उद्योग वाणिज्य महासंघले जनाएको छ ।

महासंघले अझै पनि जग्गाको भाडादर चर्को भएको, उद्योगको शान्ति सुरक्षाको ग्यारेन्टी नभएको, सेजमा सञ्चालन हुने उद्योगहरुको भू-वहाल अवधी बढीमा ३० वर्ष रहने र थप १० वर्ष थप्नसक्ने ब्यवस्थाका अनुसार ४० वर्षपछि उद्योगहरुले बनाएको भौतिक संरचना

बाँकी पृष्ठ ३ मा


# कडा टक्करका बीच राजेन्द्रलाई पछार्दै महिन्द्रले मारे बाजी

घनश्याम बलम्पाकी
सर्लाही, मंसिर १०

सर्लाहीको क्षेत्र नम्वर २ मा कडा टक्करका बीच राजेन्द्र महतोलाई पछार्दै महिन्द्र राय यादवले जीत निकालेको छन् । तर पछिल्लो मत परिणाम अनुसार महतोलाई पछार्दै यादवले २३ हजार ५२९ मत प्राप्त गरी विजयी भएका हुन् । उनका निकटतम प्रतिद्धन्दी महतोले २१ हजार ५१६ मत प्राप्त गरी हार व्यहोर्नु परेको छ । राय माओवादीको हसिया हथौडा चिन्ह लिएर चुनावी मैदानमा उत्रिएका थिए ।

एउटै सत्ता गठबन्धनमै भएपनि मित्रवत प्रतिस्पर्धा गर्ने गरि दोस्रो पटक चुनावी मैदानमा आमनेसामने भएका लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता महतो र नेपाल समाजवादी पार्टीका अध्यक्ष यादवले जारी मतगणनामा पटक-पटक एकले अर्कोलाई उछिनिरहेका थिए ।

६ दिन अघिबाट सूरु भएको



मतगणनाको क्रममा यादवले निरन्तर अग्रता लिईरहेका थिए भने महतोले थोरै मतान्तरमा पछ्याईरहेका थिए ।

# पर्सा ३ मा २ सय ७२ मत कम भेटिएपछि विवाद

मधेशदृष्टि
वीरगंज, मंसिर १०



पर्सा क्षेत्र नम्बर ३ को प्रतिनिधीसभा सदस्यको निर्वाचनमा खसेको मतभन्दा गणनाको क्रममा २ सय ७२ मत कम भेटिएपछि राजनैतिक रडाको सुरु भएको छ । गत मंसिर ४ गते सम्पन्न मतदानको क्रममा पर्सा क्षेत्र नम्बर ३ मा प्रतिनिधीसभा सदस्यको प्रत्यक्षतर्फ ६४ हजार ४ सय ४८ मत खसेको थियो । मतगणनाका क्रममा भने मतपेटिकाबाट ६४ हजार १ सय ७६ मतपत्र मात्रै गनिएको थियो । यो दुवै संख्या जोड घटाउ गर्दा २७२ मत कम भएको भेटिएपछि रडाको सुरु भएको हो । जित्ने पक्षले आफूलाई हराउने षड्यन्त्र भई रहेको बताउँदै आएको छ भने हार्ने पक्षले आफ्नो मत गायब गरिएको आरोप लगाउँदै आएको छ । पर्सा क्षेत्र नम्बर ३ बाट नेकपा एमालेका राज कुमार गुप्ताले २४ हजार २ सय ६० मत प्राप्त गरी विजयी भएको घोषणा गरिएको थियो भने उनका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका सुरेन्द्र चौधरीले गुप्ता भन्दा १ सय ५१ मत कम अर्थात २४ हजार १ सय ९ मत पाएको जनाइएको थियो । गुप्ता निर्वाचित भएको दुई दिन वितिसक्दा पनि निर्वाचन कार्यालयले उत्पन्न विवादको कारण जितेको प्रमाण पत्र दिएको छैन । अहिले क्षेत्र नम्बर ३ को समानुपातिकतर्फको मत गणना भइरहेको छ । मत गणनाको क्रममा प्रत्यक्ष उम्मेदवार तर्फको मत समेत समानुपातिकको बाक्सामा भेटिएको छ । हराएका मत मतदाताको लापरवाहीका कारण समानुपातिकको बक्सामा खसाएको अनुमान गरिएको छ । यता निर्वाचन आयोगले समानुपातिक तर्फका मत प्रत्यक्ष तर्फ र प्रत्यक्ष तर्फका मत समानुपातिक तर्फ भेटिएमा त्यसलाई सदर गरि जोडेर विजय उम्मेदवारको

बाँकी पृष्ठ ३ मा

# प्रवेश निषेध गरिएका एमाले मधेशमा दोश्रो ठूलो दल

मधेशदृष्टि
जनकपुर, मंसिर १०

कुनै समयमा मधेशमा प्रवेश निषेध गरिएका नेकपा एमाले पछिल्लोपटक सम्पन्न संसदीय निर्वाचनमा मधेशको दोश्रो ठूलो दल बन्न लागेको छ ।

अहिलेसम्म मधेश प्रदेशका ३२ प्रतिनिधिसभा क्षेत्रमध्ये २९ को निर्वाचन परिणाम आइसकेको छ । अहिलेसम्म सबैभन्दा बढी कांग्रेसले ८ र एमालेले ७ सिटमा प्रतिनिधिसभातर्फ जित हासिल गरिसकेको छ । जबकि २०७४ मा एमालेबाट धनुषा ४ बाट एमालेका रघुवीर महासेठ र सिरहा ३ बाट लीलानाथ श्रेष्ठ सहित मात्रै दुई सिट जितेका थिए ।

तेश्रो मधेश आन्दोलनको क्रममा एमाले संघीयता विरोधी हो भनी एमाले पार्टीका शिर्षस्थ नेताहरुलाई मधेशमा प्रवेश निषेध गरिएको थियो । हुन त एमालेप्रति मधेश जनताको वितृष्ण दोश्रो मधेश आन्दोलनदेखि नै थियो । तेश्रो मधेश आन्दोलनको क्रममा एमाले सरकारमा रहँदा आन्दोलनकारीसँग गरेको शोषण दमनले एमालेलाई प्रवेश निषेध नै गरियो ।

सो क्रममा नेकपा एमालेको मेची-महाकाली अभियान अन्तर्गत ०७३ फागुन २३ गते सप्तरीको मलेठमा कार्यक्रम आयोजना गर्न थालेपछि मधेशी जनताले विरोध गरेका थिए । सो विरोध गर्दा प्रहरीले चलाएको गोली लागेर ५ जनाको ज्यान गएको थियो । ती घटनाको कारण एमालेलाई घाटा र तत्कालीन सपा (जसपा) र तत्कालिन राजपा (लोसपा) २०७४ को चुनावमा फाइदा भयो भने एमालेलाई ठूलै क्षति व्यहोर्नु पऱ्यो ।

सो घटनाले गर्दा जसपा अध्यक्ष उपेन्द्र यादव भारी मतले विजयी भए, राजविराजसहित अधिकांश पालिका जित्न सफल भए । तर एमालेलाई मात्र दुई सिटमै चित्त बुझाउनु पऱ्यो ।

मधेश प्रदेशमा एमालेका लागि सबैभन्दा प्रतिकुल परस्थिति थियो । तर यस पटकको निर्वाचनमा परिस्थिती फेरिएको छ । अध्यक्ष केपी शर्मा ओलीले पछिल्लो समय मधेशमा सक्रियता बढाएसँगै मधेश एमाले अनुकुल बनेर अहिले जारी मतगणना अनुसार प्रदेशकै ठूलो दल बन्न लागेको हो ।

२०७४ मा मधेशका मतदाताले एमालेका नेताहरुलाई स्वीकार गरेनन् । तर यस पटकको निर्वाचन परिणामले मधेश प्रदेशका मतदाताले एमालेलाई पत्याएको स्पष्ट संकेत देखिएको छ । अघिल्लो चुनावमा तत्कालीन राजपा र अहिलेको लोसपाले मधेश प्रदेशका १० प्रतिनिधिसभा क्षेत्र जितको थियो । तर यस पटक लोसपाले अहिलेसम्म जम्मा ३ प्रतिनिधिसभा क्षेत्रमा जितेको छ । २०७४ मा जसपाले ९ प्रतिनिनिधिसभा क्षेत्र जितेको थियो । तर यस पटक मात्र ५ सिटमा सिमित भएको छ ।

प्रवेश निषेध गरिएका एमालेलाई जसपासँग चुनावी गठबन्धन फाइदै फाइदा भएको छ भने जसपालाई ठूलो चुनौतीको सामना गर्नु परेको छ । एमाले प्रदेशकै ठूलो पार्टी बन्ने तर्खरमा छन भने जसपाले पाएको सिटको आधा जतिमा मात्र सिमित भई पार्टी अध्यक्ष उपेन्द्र यादवलाई जितेका सिट गुमाउनु परेको छ । त्यस्तै नेपाली कांग्रेसले अहिलेसम्म ८ प्रतिनिधिसभा क्षेत्रमा जित निकालेको छ ।

२०७४ को निर्वाचनमा कांग्रेसले मधेश प्रदेशमा ६ प्रतिनिधिसभा क्षेत्रमा जितेको थियो । २०७४ को निर्वाचनमा ५ सिट जितेको माओवादी केन्द्र यसपटक शुन्य अवस्थामा पुगेको छ । नेकपा एकीकृत समाजवादी पार्टी २, जनमत पार्टीले १ र स्वतन्त्रले ३ सिट प्रतिनिधिसभा क्षेत्र जितेका छन् ।

डेंगी रोग बाट कसरी बच्ने?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ:-

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं

मास्क लगाऔं
भौतिक दूरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं

बहुदरमाई नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडरी, पर्सा

# मधेश प्रदेशमा दलको अवस्था के छ ?

वीरगंज, १० मंसिर ।
प्राप्त पछिल्लो मतगणनाको परिणाम अनुसार मधेश प्रदेशका ३२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये २८ निर्वाचन क्षेत्रको मत परिणाम सार्वजनिक भएको छ। त्यसैगरी प्रदेशसभा तर्फको ६४ निर्वाचन क्षेत्र मध्ये ६२ निर्वाचन क्षेत्रको मत परिणाम सार्वजनिक भएको छ। निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्यांक अनुसार मधेश प्रदेशमा दलहरुका उम्मेदवार कसले कहाँ जिते, कति मतको अन्तरमा भन्ने श्रोताको जिज्ञासामा मधेश दृष्टिले सविस्तार तथ्यांक प्रस्तुत गरेको छ ।

## मधेश प्रदेशमा प्रतिनिधिसभा निर्वाचनको प्राप्त पछिल्लो परिणाम

| क्र. सं. | जिल्ला | क्षेत्र नं. | विजयी राजनीतिक दल/स्वतन्त्र | उम्मेदवारको नाम | प्राप्त मत | निकटतम प्रतिद्वन्दी दल | उम्मेदवार नाम | प्राप्त मत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पर्सा | १ | जनता समाजवादी पार्टी | प्रदिप यादव | २२५३७ | स्वतन्त्र | अजय द्विवेदी | २०९१७ |
| | | २ | नेपाली कांग्रेस | अजय कुमार चौरसिया | २८४५१ | जसपा | सुरेन्द्र कुर्मी | २२४४५ |
| | | ३ | नेकपा एमाले | राज कुमार गुप्ता | २४२६० | नेपाली कांग्रेस | सुरेन्द्र चौधरी | २४१०९ |
| | | ४ | नेपाली कांग्रेस | रमेश रिजाल | ३१२२४ | नेकपा एमाले | जालिम मियाँ | २५६७१ |
| २ | बारा | १ | नेकपा एमाले | अच्युत मैनाली | ३९१९५ | नेपाली कांग्रेस | उमाकान्त चौधरी | ३००५६ |
| | | २ | जसपा | राम सहाय यादव | १३८२२ | माओवादी केन्द्र | शिव चन्द्र कुशवाहा | १३४६८ |
| | | ३ | नेकपा एमाले | ज्वाला कुमारी साह | २०२५१ | जसपा | रामबाबु यादव | १७२७९ |
| | | ४ | एकिकृत समाजवादी | कृष्ण कुमार श्रेष्ठ | २९४७७ | नेकपा एमाले | एकवाल मियाँ | १९७५८ |
| ३ | रौतहट | १ | एकिकृत समाजवादी | माधव कुमार नेपाल | ३३५२२ | नेकपा एमाले | अजय गुप्ता | २६९२२ |
| | | २ | स्वतन्त्र | किरण कुमार साह | ३२८४२ | नेपाली कांग्रेस | फिरदोस आलम | २८२४८ |
| | | ३ | स्वतन्त्र | प्रभु साह | ३२४३७ | स्वतन्त्र | ओम प्रकाश | २५२०० |
| | | ४ | नेपाली कांग्रेस | देव प्रसाद तिमलसिना | ३४१६१ | नेकपा एमाले | उद्धव प्रसाद रेग्मी | २३५५९ |
| ४ | सर्लाही | १ | लोकतान्त्रिक समाजवादी पार्टी | राम प्रकाश चौधरी | २४८३८ | स्वतन्त्र | मान ब. खड्का | १८४०४ |
| | | २ | माओवादी केन्द्र (अग्रता) | महेन्द्र राय यादव | २२६३१ | लोसपा | राजेन्द्र महतो | २०१६५ |
| | | ३ | नेकपा एमाले | हरि प्रसाद उप्रेती | ३२९३८ | माओवादी केन्द्र | नरेन्द्र साह कलवार | ३२१६८ |
| | | ४ | स्वतन्त्र | अमरेश कुमार सिंह | २००१७ | नेपाली कांग्रेस | नागेन्द्र कुमार | १८२५३ |
| ५ | महोत्तरी | १ | माओवादी केन्द्र (अग्रता) | गिरीराज मणी पोखरेल | १९६२८ | नेकपा एमाले | लक्ष्मी महतो कोईरी | १८४२१ |
| | | २ | लोकतान्त्रिक समाजवादी पार्टी | शरह सिंह भण्डारी | २५१९० | तमलोपा | विजय कुमार सिंह | ११९२० |
| | | ३ | लोसपा | महन्थ ठाकुर | १६३७५ | जसपा | हरि नारायण यादव | १४३२५ |
| | | ४ | नेपाली कांग्रेस | महेन्द्र कुमार राय | २५४२० | जसपा | सुरेन्द्र कुमार यादव | २१२९६ |
| ६ | धनुषा | १ | जसपा (अग्रता) | दिपक कार्की | २०८३२ | माओवादी केन्द्र | मातृका यादव | १६६७५ |
| | | २ | नेपाली कांग्रेस | राम कृष्ण यादव | २०११२ | नेकपा एमाले | उमाशंकर अगरिया | १९९५५ |
| | | ३ | नेकपा एमाले | जुली कुमारी महतो | ३३३८८ | लोसपा | अनिल कुमार झा | २३६८६ |
| | | ४ | नेपाली कांग्रेस (अग्रता) | महेन्द्र यादव | १९२१९ | नेकपा एमाले | रघुविर महासेठ | १७५४७ |
| ७ | सिराहा | १ | नेकपा एमाले | राम शंकर यादव | २९४६२ | नेपाली कांग्रेस | पदम नारायण चौधरी | २७३७९ |
| | | २ | जसपा | राज किशोर यादव | २४१७८ | नेपाली कांग्रेस | चित्रलेखा यादव | २३०२८ |
| | | ३ | नेकपा एमाले | लिलानाथ श्रेष्ठ | २८०६४ | माओवादी केन्द्र | विश्वनाथ साह | २६८८२ |
| | | ४ | जसपा | विरेन्द्र प्रसाद महतो | २४१०२ | जनमत पार्टी | विरेन्द्र प्रसाद साह | १६२९४ |
| ८ | सप्तरी | १ | जसपा | नवल किशोर साह | २३६०४ | जनमत पार्टी | जय कान्त राउत | १९९९६ |
| | | २ | जनमत पार्टी | सि.के.राउत | ३५०४२ | जसपा | उपेन्द्र यादव | १६९७९ |
| | | ३ | नेपाली कांग्रेस | दिनेश कुमार यादव | २६१६६ | नेकपा एमाले | तारा कान्त चौधरी | २२३०० |
| | | ४ | नेपाली कांग्रेस | तेजु लाल चौधरी | ६६९२ | जसपा | बालकिशोर यादव | ५०१५ |

## मधेश प्रदेशमा प्रदेश सभा निर्वाचनको प्राप्त पछिल्लो परिणाम

| क्र. सं. | जिल्ला | क्षेत्र नं. | विजयी राजनीतिक दल/स्वतन्त्र | उम्मेदवारको नाम | प्राप्त मत | निकटतम प्रतिद्वन्दी दल | उम्मेदवार नाम | प्राप्त मत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पर्सा | १ क | माओवादी केन्द्र | रहबर अन्सारी | ७८१७ | नेकपा एमाले | विचारी यादव | ५५१८ |
| | | १ ख | जसपा | लालबाबु रात | ७५४५ | नेपाली कांग्रेस | राम नारायण कुर्मी | ६२१२ |
| | | २ क | नेपाली कांग्रेस | श्याम प्रसाद पटेल | १३७८४ | जसपा | राम नरेश यादव | १२१२७ |
| | | २ ख | लोसपा | रमेश प्रसाद कुर्मी | ९४७१ | स्वतन्त्र | रुपेशमान सिंह | ६८३४ |
| | | ३ क | स्वतन्त्र | प्रमोद कुमार जयसवाल | ७३८१ | नेकपा एमाले | अब्दुल रहिम अन्सारी | ५९३० |
| | | ३ ख | नेपाली कांग्रेस | जनार्दन सिंह क्षेत्री | १०१७२ | जसपा | डा.मधु गुप्ता | ७४९६ |
| | | ४ क | नेपाली कांग्रेस | शंकर प्रसाद चौधरी | १२१८२ | नेकपा एमाले | जय प्रकाश थारु | १०४६२ |
| | | ४ ख | जसपा | सिंगासन सा कलवार | १५४३५ | स्वतन्त्र | प्रहलाद सा कानु | १२६८१ |
| २ | बारा | १ क | नेकपा एमाले | त्रिलोकी प्रसाद चौधरी | १६७९८ | नेपाली कांग्रेस | रमेश प्रसाद दंगाल | १४२७० |
| | | १ ख | जसपा | सरोज कुमार यादव | १५९२७ | नेपाली कांग्रेस | नागेन्द्र प्रसाद कानु | ११०४० |
| | | २ क | स्वतन्त्र | सारदा संकर प्रसाद कलवार | ९२९५ | नेकपाएमाले | बलबिर प्रसाद चौधरी | ६८६७ |
| | | २ ख | जसपा | बच्चा राउत अहिर | १०३०२ | नेपाली कांग्रेस | रामअयोध्या प्रसाद यादव | ८९३९ |
| | | ३ क | नेकपा एमाले | रबिन्द्र दास श्रेष्ठ | ८१९५ | माओवादी केन्द्र | मुकेश साह | ७३०९ |
| | | ३ ख | नेकपा एमाले | महम्मद समिर | ८३२३ | जसपा | पारस प्रसाद साह | ८२५५ |
| | | ४ क | नेकपा एमाले | देवनारायण थारु | १३६३२ | माओवादी केन्द्र | क्षेत्र बहादुर श्रेष्ठ | १००१७ |
| | | ४ ख | लोसपा | जितेन्द्र प्रसाद सोनार | १३६२६ | जसपा | आत्माराम प्रसाद साह | ८२८३ |
| ३ | रौतहट | १ क | नेपाली कांग्रेस | नागेन्द्र साह | १०५०२ | नेकपा एमाले | राजकिशोर प्रसाद यादव | ८८६३ |
| | | १ ख | नेपाली कांग्रेस | कृष्ण प्रसाद यादव | १२४८९ | स्वतन्त्र | राजेश कुमार चौधरी | ११४०० |
| | | २ क | नेकपा एमाले | मोहम्मद जैद आलम | १३५३२ | स्वतन्त्र | नागेन्द्र प्रसाद सिन्हा | ६८७२ |
| | | २ ख | एकिकृत समाजवादी | कनिश पटेल | १०४४२ | जसपा | राम किशोर प्रसाद यादव | १००३३ |
| | | ३ क | स्वतन्त्र | केशव राय | १२२५५ | जसपा | पुजा चौधरी | १०१३२ |
| | | ३ ख | नेपाली कांग्रेस | सुनिल कुमार यादव | १६८७७ | स्वतन्त्र | कुन्दन प्रसाद कुशवाहा | १४१२१ |
| | | ४ क | माओवादी केन्द्र | युवराज भट्टराई | १५३६८ | नेकपा एमाले | अखिलेश्वर चौधरी | १०२८१ |
| | | ४ ख | जसपा | शेख अब्दुल कलाम आजाद | ८७४१ | स्वतन्त्र | संजय यादव | ५८७५ |
| ४ | सर्लाही | १ क | लोसपा | उपेन्द्र महतो | १२२६५ | माओवादी केन्द्र | राम चन्द्र सिंह कुशवाहा | १०१३७ |
| | | १ ख | एकिकृत समाजवादी | बेची लुङ्गेली | १३३०१ | नेकपा एमाले | शान्ती कुमारी लामा | ६९१३ |
| | | २ क | नेपाली कांग्रेस | जंगीलाल राय | ८२९० | माओवादी केन्द्र | सुनिल कुमार साह | ७२१४ |
| | | २ ख | नेपाली कांग्रेस | कौशल किशोर राय | ८८२२ | लोसपा | मेयुर चौधरी | ८४९४ |
| | | ३ क | स्वतन्त्र | जवाहर लाल कुशवाहा | १६५९१ | नेकपा एमाले | गणेश प्रसाद प्रसाई | १५१६६ |
| | | ३ ख | जसपा | संजय कुमार यादव | १३१९० | स्वतन्त्र | सरोज कुमार राय | ८३४८ |
| | | ४ क | नेपाली कांग्रेस | विरेन्द्र प्रसाद सिंह | १५६९३ | नेकपा एमाले | रामबाबु राय | १४६१६ |
| | | ४ ख | माओवादी केन्द्र | फकिरा महतो | ८०३३ | स्वतन्त्र | अनिता देवी | ७६७६ |
| ५ | महोत्तरी | १ क | लोसपा (अग्रता) | पिताम्बर महतो | ५३८७ | नेकपा एमाले | शारदा देवी थापा | ५३४६ |
| | | १ ख | माओवादी केन्द्र | भरत प्रसाद साह | ८३७१ | जसपा | राम श्रेय महतो | ५८७१ |
| | | २ क | लोसपा | जयनुल राईन | ११४२४ | एकिकृत समाजवादी | मंजु कुमारी यादव | ६२६१ |
| | | २ ख | स्वतन्त्र | सुरिता कुमारी साह | ८५६८ | नेपाली कांग्रेस | नागेश्वर यादव | ६८०२ |
| | | ३ क | लोसपा | अभिराम शर्मा | ९८९२ | जसपा | दिपेन्द्र झा | ९७१८ |
| | | ३ ख | लोसपा | रानी कुमारी तिवारी | ६४१४ | स्वतन्त्र | उज्ज्वल कुमार झा | ५४८९ |
| | | ४ क | नेकपा एमाले | सरोज कुमार यादव | १०५३१ | लोसपा | कौशल कुमार यादव | ८६७२ |
| | | ४ ख | जसपा | सरोज कुमार सिंह | ११४८६ | माओवादी केन्द्र | लालेन्द्र कुमार मण्डल | १०२२७ |
| ६ | धनुषा | १ क | नेपाली कांग्रेस | संजय कुमार महतो | १०९५५ | जसपा | सुकेश्वर यादव | १०९४९ |
| | | १ ख | नेकपा एमाले | रामचन्द्र मण्डल | १३५७५ | लोसपा | संजय कुमार सिंह | १०३९७ |
| | | २ क | नेकपा एमाले | लखन दास तत्मा | ११५८१ | जनमत पार्टी | दिपेन्द्र कुमार यादव | ७४३० |
| | | २ ख | जसपा | राम अशिष यादव | १०६१४ | माओवादी केन्द्र | श्याम कुमार यादव | ९५६६ |
| | | ३ क | नेपाली कांग्रेस | राम सरोज यादव | १७०२९ | जसपा | जीतेन्द्र कुमार यादव | १३४५९ |
| | | ३ ख | नेकपा एमाले | दिपेन्द्र कुमार ठाकुर | ८२२० | लोसपा | परमेश्वर साह सुडी | ६८१७ |
| | | ४ क | नेपाली कांग्रेस | शेष नारायण यादव | १४०५५ | नेकपा एमाले | सन्तोष कुमार यादव | १२६०६ |
| | | ४ ख | नेकपा एमाले (अग्रता) | हरि नारायण महतो | ७४१ | एकिकृत समाजवादी | शत्रुधन महतो | ६७८ |
| ७ | सिराहा | १ क | नेकपा एमाले | राजेन्द्र प्रसाद चौधरी | ११७२१ | नेपाली कांग्रेस | सुनिल कुमार महतो | ११५५० |
| | | १ ख | जसपा | राज कुमार गुप्ता | १६२३९ | एकिकृत समाजवादी | अशोक कुमार यादव | १३२३३ |
| | | २ क | जनमत पार्टी | संजय कुमार यादव | १२१७१ | जसपा | विजय कुमार यादव | ११५२७ |
| | | २ ख | नेकपा एमाले | शत्रुधन प्रसाद सिंह | १३७९७ | एकिकृत समाजवादी | मदन सेन प्रसाद श्रीवास्तव | ११०२५ |
| | | ३ क | नेकपा एमाले | मनोज कुमार सिंह | १५८८६ | नेपाली कांग्रेस | राम सगुन यादव | १२८९९ |
| | | ३ ख | एकिकृत समाजवादी | प्रमोद कुमार यादव | ९९७६ | नेपाली कांग्रेस | संजय प्रकाश यादव | ८०१४ |
| | | ४ क | जनमत पार्टी | त्रिभुवन साह | ८२२९ | माओवादी केन्द्र | महेन्द्र पासवान | ७०८३ |
| | | ४ ख | लोसपा | राम बाबु यादव | ९७६३ | जसपा | सुरेश कुमार मण्डल | ९३९८ |
| ८ | सप्तरी | १ क | नेकपा एमाले | राज कुमार लेखी | १४२९१ | जनमत पार्टी | शिन नन्दन महतो | ९०९३ |
| | | १ ख | जनमत पार्टी | सकिल मियाँ | १६१५५ | जसपा | सुदम्वर यादव | ९८८८ |
| | | २ क | जनमत पार्टी | सतिश कुमार सिंह | १६७३४ | जसपा | शैलेन्द्र प्रसाद साह | ८२९२ |
| | | २ ख | जनमत पार्टी | महेश प्रसाद यादव | १३३२५ | माओवादी केन्द्र | उमेश कुमार यादव | ७०२३ |
| | | ३ क | नेपाली कांग्रेस | मोहम्मद समिम | १०६३० | जनमत पार्टी | राम प्रसाद मण्डल | ८५३८ |
| | | ३ ख | जनमत पार्टी | शम्भु कुमार साह | १०८६२ | जसपा | बिंदेश्वर प्रसाद यादव | १०८१४ |
| | | ४ क | एकिकृत समाजवादी | गोविन्द बहादुर न्यौपाने | ११४२९ | जनमत पार्टी | नमेनदर पासवान | ५५५८ |
| | | ४ ख | स्वतन्त्र | अनिरुद्ध कुमार सिंह | ९९८५ | जसपा | अभिषेक यादव | ७९२० |

# संसदीय यात्रामा स्वतन्त्र उम्मेदवारको निरन्तरता

मुलुकका प्रमुख राजनीतिक शक्ति निर्वाचनको परिणाम आफ्नो पक्षमा ल्याउन गठबन्धन गरे तापनि केही निर्वाचन क्षेत्रमा गठबन्धनलाई पछि पार्दै स्वतन्त्र उम्मेदवार विजयी हुन सफल भएका छन् । प्रतिनिधिसभा र प्रदेशसभाको जारी मतगणनामा हालसम्म प्रतिनिधिसभामा पाँच र प्रदेशसभामा १२ स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । प्रतिनिधिसभातर्फ मोरङ ५ मा योगेन्द्र मण्डल, सर्लाही ४ मा अमरेशकुमार सिंह, रौतहट २ मा किरणकुमार साह, रौतहट ३ मा प्रभु साह र बर्दिया २ मा लालवीर चौधरी निर्वाचित हुनुभएको छ। प्रदेशसभातर्फ मधेस प्रदेशमा सबैभन्दा बढी छ स्वतन्त्र उम्मेदवार विजयी हुनुभएको छ । लुम्बिनीमा तीन, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एक/एक स्वतन्त्र उम्मेदवार निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ । मधेसको सप्तरी २ मा अनिरुद्रकुमार सिंह, महोत्तरी २ मा सुरिताकुमारी साह, सर्लाही १ मा जवाहरलाल कुशवाहा, रौतहट १ मा केशव राय, बारा १ मा शारदा शङ्करप्रसाद कलवार र पर्सा १ मा प्रमोदकुमार जयसवाल निर्वाचित हुनुभएको छ । गण्डकीको मनाङ २ मा राजिव गुरुङ, लुम्बिनीको रुकुमपूर्व १ मा सुरल पुन, रोल्पा २ मा दीपेन्द्रकुमार पुन मगर, नवलपरासी (बर्दघाट सुस्तापश्चिम) १ मा खड्ग बस्नेत, कर्णालीको जुम्ला १ मा देवेन्द्रबहादुर शाही तथा सुदूरपश्चिमको डडेलधुरा २ मा ताराप्रसाद जोशी निर्वाचित हुनुभएको छ । विसं २०७४ सालको निर्वाचनमा प्रतिनिधिसभामा एक तथा प्रदेशसभामा तीन वटा प्रदेशमा एक/एक जना स्वतन्त्र उम्मेदवार विजयी भएका थिए । प्रदेश नं १, मधेस र गण्डकीमा एक/एक जना स्वतन्त्र उम्मेदवारले जित हासिल गरेका थिए । लोकतान्त्रिक मुलुकमा राजनीतिक दल नै निर्णायक शक्ति भए पनि मुलुकको निर्वाचनको इतिहासमा स्वतन्त्र उम्मेदवारको उपस्थित पनि निरन्तर रहेको देखिएको छ। मुलुकमा प्रजातन्त्रको पुनःबहालीपछि आमनिर्वाचन २०४८ देखि हालसम्मका निर्वाचनमा पनि स्वतन्त्र उम्मेदवारको उपस्थिति रहँदै आएको देखिएको छ । विसं २०४८ को आवधिक निर्वाचनमा २१९ स्वतन्त्रसहित २० राजनीतिक दलका एक हजार तीन सय ४५ उम्मेदवार प्रतिस्पर्धामा थिए । उक्त निर्वाचनमा तीन स्वतन्त्रसहित दुई सय पाँच जना विजयी भएका थिए । सो निर्वाचनमा नेपाली कांग्रेस एक सय १०, नेपाल कम्युनिस्ट पार्टी (एमाले) ६९, संयुक्त जनमोर्चा नौ, नेपाल सद्भावना पार्टी छ, राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) तीन, नेपाल मजदुर किसान पार्टी दुई, नेपाल कम्युनिस्ट पार्टी (प्रजातान्त्रिक) दुई, राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) एक र तीन स्वतन्त्र उम्मेदवार विजयी भएको निर्वाचन आयोगको अभिलेखमा देखिन्छ। विसं २०५१ को मध्यावधि निर्वाचनमा २४ राजनीतिक दलका तर्फबाट एक हजार ५७ र स्वतन्त्र तीन सय ८५ उम्मेदवार थिए । तीमध्ये राजनीतिक दलका तर्फबाट एक सय ९८ र स्वतन्त्र सात जना निर्वाचित भएका थिए । उक्त निर्वाचनमा एमाले ८८, कांग्रेस ८३, राष्ट्रिय प्रजातन्त्र पार्टी २०, नेपाल मजदुर किसान पार्टी चार, नेपाल सद्भावना पार्टी तीन र सात स्वतन्त्र उम्मेदवारले विजय हासिल गरेका थिए । विसं २०५६ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ४० राजनीतिक दलका तर्फबाट एक हजार छ सय पाँच र स्वतन्त्र छ सय ३३ उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए । उक्त निर्वाचनमा भने कुनै पनि स्वतन्त्र उम्मेदवार विजयी भएनन् । २०५ सदस्यीय प्रतिनिधिसभाका सबै सदस्य राजनीतिक दलका तर्फबाट निर्वाचित भएका थिए। उक्त निर्वाचनमा कांग्रेस एक सय ११, एमाले ७१, राप्रपा ११, नेपाल सद्भावना पार्टी पाँच, राष्ट्रिय जनमोर्चा पाँच, संयुक्त जनमोर्चा एक, र नेपाल मजदुर किसान पार्टीले एक स्थान जितेको थियो । विसं २०६४ को संविधानसभा सदस्य निर्वाचनका लागि ७४ राजनीतिक दल दर्ता भएका थिए । तीमध्ये प्रत्यक्षतर्फ ५४ दलका तीन हजार एक सय ३० उम्मेदवारले भाग लिएका थिए । सो निर्वाचनमा प्रत्यक्षतर्फ नेकपा (माओवादी) १२०, कांग्रेस ३७, एमाले ३३, मधेसी जनअधिकार फोरम नेपाल ३०, तराई मधेस लोकतान्त्रिक पार्टी नौ, सदभावना पार्टी चार, जनमोर्चा नेपाल दुई, नेपाल मजदुर किसान पार्टी दुई, राष्ट्रिय जनमोर्चा एक र स्वतन्त्र उम्मेदवार दुई स्थानमा विजयी भएका थिए । विसं २०७० को दोस्रो संविधानसभामा प्रत्यक्षतर्फ कांग्रेस एक सय पाँच, एमाले ९१, एकीकृत नेकपा (माओवादी) २६, राष्ट्रिय प्रजातन्त्र पार्टी तीन, मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) चार, मधेसी जनअधिकार फोरम नेपाल दुई, तराई-मधेस लोकतान्त्रिक पार्टी चार, सद्भावना पार्टी एक, नेपाल मजदुर किसान पार्टी एक, तराई-मधेस सद्भावना पार्टी नेपाल एक र स्वतन्त्र उम्मेदवार दुई स्थानमा विजयी भएका थिए । विसं २०७४ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ नौ राजनीतिक दल र एक जना स्वतन्त्र उम्मेदवार विजयी भएका थिए। सो निर्वाचनमा प्रत्यक्षतर्फ एमाले ८०, कांग्रेस २३, माओवादी केन्द्र ३६, राजपा नेपाल ११, सङ्घीय समाजवादी फोरम नेपाल १०, राप्रपा, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र नयाँ शक्ति पार्टी एक/एक तथा एक स्वतन्त्र उम्मेदवार निर्वाचित भएका हुन् । रासस

# समानुपातिकतर्फ ७६ लाख मत गनियो

निर्वाचन आयोगले समानुपातिकतर्फ हालसम्म कूल ७६ लाख १२ हजार छ सय ९८ मतगणना गरेको छ । आयोगले साँझ पाँच ४० सम्म उपलब्ध गराएको विवरणअनुसार कूल ४७ राजनीतिक दलले प्राप्त गरेको मत गणना गरेको हो । समानुपातिक निर्वाचन प्रणालीमार्फत कूल एक सय १० प्रतिनिधिसभा सदस्य चुनिने संवैधानिक व्यवस्था छ। त्यसमा सबैभन्दा बढी नेकपा(एमाले)ले २० लाख ८९ हजार ७२ मत प्राप्त गरेको छ । दोस्रोमा रहेको नेपाली कांग्रेसले २० लाख १६ हजार छ सय २५ मत प्राप्त गरेको छ। तेस्रोमा रहेको नेकपा (माओवादी केन्द्र) ले आठ लाख ९१ हजार आठ सय आठ मत प्राप्त गर्दा राष्ट्रिय स्वतन्त्र पार्टीले आठ लाख ५४ हजार आठ सय ७१ मत प्राप्त गरेको छ।
राष्ट्रिय प्रजातन्त्र पार्टीले चार लाख ५८ हजार चार सय ५९ मत, जनता समाजवादी पार्टीले दुई लाख ४८ हजार नौ सय ६८ मत, नेकपा (एकीकृत समाजवादी) ले एक लाख ९३ हजार नौ सय ६४ मत, जनमत पार्टीले एक लाख ७८ हजार दुई सय ३२ मत, नागरिक उन्मुक्ति पार्टीले एक लाख ७५ हजार आठ सय ५९ मत, लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख चार हजार तीन सय ४९ मत, नेपाल मजदुर किसान पार्टीले ६८ हजार तीन सय आठ मत प्राप्त गरेका छन् । अन्तिम स्थानमा रहेको नेश्नलिष्ट पिपल्स पार्टीले एक हजार एक सय ५९ मत प्राप्त गरेका छन् ।
यही मङ्सिर चार गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा कूल ६१ प्रतिशत मतदान भएको थियो ।
सो निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदातालाई मताधिकार थियो । निर्वाचनमा प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि दुई हजार चार सय १२ उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए । यसैगरी प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई हजार एक सय ९९ उम्मेदवारको नाम अन्तिम बन्दसूचीमा कायम गरिएको छ। रासस

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
अरुलाई प्रभावित पारेर काम बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । पारिवारिक सद्भाव बढ्नेछ । लगानी र व्यवसायमा पर्याप्त लाभ मिल्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
सरकारी निकायको भय रहला । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । अविश्वास उत्पन्न हुनेछ। घर परिवारमा झैझमेलाको अवस्था आउन सक्छ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ। अचल सम्पत्ति हात पर्ने योग छ । शेयर बजार, कलकारखाना र बन्दव्यापारमा फाइदा नै हुनेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ। कला र गलाको प्रभाव बढ्नेछ। दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
नयाँ कार्यको थालनी हुनेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । पदोन्नतिको सम्भावना प्रबल छ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभहानी, सुखदुःख बराबरी मध्यम खालको दिन छ तर ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ। प्रेममा बाधा पनि आउन सक्छ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज प्रेमीको सहयोग प्राप्त हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ। न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज आफन्तसँग भेट घाट हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाइनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज धर्मकर्म, परोपकार र समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। रोकिएको धन हात लाग्न सक्छ । अतिथिको रूपमा सत्कार पनि पाइनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
बन्न लागेको काम बिग्रन सक्छ । सामान हराउने वा चोरी हुने भय छ । दुष्ट व्यक्तिको सङ्गतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आज वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । राज्यबाट मान सम्मान पाइनेछ। शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
जोशजाँगर र हिम्मत बढ्नेछ । आकस्मिक धन लाभ हुनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

# धनुषा ४ (१) मा कांग्रेसका यादव विजयी



मधेशदृष्टि
जनकपुर, मंसिर १०

प्रदेशसभा सदस्यतर्फ धनुषा क्षेत्र नम्बर ४ को '१' बाट नेपाली कांग्रेसका शेषनारायण यादव १ हजार ४४९ मतको मतान्तरले विजयी भएको छन् ।

निर्वाचन आयोगको कार्यालयअनुसार शेषनारायण यादवले १४ हजार ५५ मत ल्याएका छन् भने उनका निकटतम प्रतिद्वन्दी एमालेका सन्तोषकुमार यादवले १२ हजार ६०६ मत ल्याई दोश्रो र जनता समाजवादी पार्टी (जसपा) का ज्ञानेन्द्रकुमार यादव ८ हजार १९६ मत ल्याएर तेश्रो भएका छन् ।

जसपाका ज्ञानेन्द्र यादव जसपाका सचिव एवं प्रदेशका पूर्व आन्तरिक मामिला तथा कानून मन्त्री हुन् । यसअघि निर्वाचित शेषनारायण र ज्ञानेन्द्र दुवै एक दशकभन्दा बढी मधेश केन्द्रित दल जसपामा संगै काम गरेका थिए ।

जसपाले प्रतिगमनकारी शक्ति भनिएका एमालेसँग चुनावी गठबन्धन गरेपछि उनी बाध्य भएर कांग्रेस प्रवेश गरेका थिए । कांग्रेसले उनको राजनीतिक सक्रियता देखेर सो क्षेत्रको उम्मेदवार बनाएका थिए ।

शेषनारायणको राजनीतिक यात्रा

विद्यार्थी कालदेखि नै राजनीतिमा सक्रिय यादव मधेशी जनताको हक अधिकार सुनिश्चितताका लागि मधेश आन्दोलनमा अग्रपंक्तिमा रहेर सक्रिय भूमिका निर्वाह गरेका नेता यादवले यो जीतसँगै पहिलो पटक संसदीय यात्रा सुरु गरेका हुन् ।

नेविसंघबाट राजनीति सुरु गरेका नेता यादव २०६३ सालदेखि जसपामा रहेर (तत्कालीन मधेशी जनअधिकार फोरम नेपाल) बाट अधिकार एवं पहिचानको लडाईमा जिल्ला सदस्यबाट प्रवेश गरेका नेता यादव संघीय समाजवादी पार्टी देखि जसपासम्म जिल्ला अध्यक्षदेखि तराई मधेश प्रदेश समितिका सचिवको जिम्मेवारी सम्भालिसकेका यादव कांग्रेस प्रवेश गर्नुअघि जसपाको प्रदेश उपाध्यक्ष थिए ।

२०६४ सालमा जिल्ला सदस्यको भूमिका निर्वाह गर्दै पार्टीको निर्देशन अनुसार नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव काउन्टरमा पहिलो पटक धनुषा क्षेत्र नम्बर ५ बाट संविधान सभा सदस्यको निर्वाचन लडेका थिए । त्यसपछि उनी फड्को मार्दै २०६५ सालमा फोरम नेपालको सहसचिव र २०६६ सालमा जिल्ला उपाध्यक्ष हुँदै २०६७ सालमा पहिलो पटक जिल्ला अध्यक्षका जिम्मेवारी सम्भालेका थिए । दुई कार्यकाल जिल्ला अध्यक्षका जिम्मेवारी सम्हालेका यादव दोश्रो र तेश्रो मधेश आन्दोलनमा मधेशी मोर्चाको पटक पटक नेतृत्व लिएर आन्दोलनलाई उत्कर्षमा पुरयाउने सफल राजनीतिज्ञ हुन । धनुषाको लक्ष्मिनियाँ गाउँपालिका वडा नम्बर ३ बनिगमा निवासी नेता यादव राजनीतिमा मात्र सफलता होइन सामाजिक तथा विकासको क्षेत्रमा पनि उत्तिकै योगदान पुऱ्याउन सफल व्यक्तित्व हुन् । उनले विभिन्न सामाजिक संघ संस्थाको सहयोगमा एक दर्जनभन्दा बढी गाउँमा खानेपानी, सिचाई र शिक्षा तथा स्वास्थ्यमा विकास उल्लेखनीय कार्यहरु गरिसकेका छन् ।

नेता यादव धनुषाको क्षेत्र नं. ४ (क) को लक्ष्मिपुर बगेवा, पुरन्दाहा, कुम्हरौडा, सपही, गजेरिया, बनिगमा, सोहनी, अगलेशवा लगायतका एक दर्जनभन्दा बढी गाउँमा खानेपानी जडान, विद्यालय कक्षा कोठा निर्माण, पठन पाठन सामाग्री वितरण, चापाकल, ईनार, शौचालय निर्माणका साथै सिचाईका लागि बोरिङ्ग पम्प जडान विभिन्न सामाजिक संघ संस्थाको सहयोगमा गराएका छन् ।सो क्षेत्रमा बाटो, नाला, पुलपुलेसा निर्माण, गरीबी निवारणतर्फ बाखा वितरण तथा खेतीका लागि किसानहरुलाई विभिन्न अनुदान दिलाउनुका साथै विभिन्न सीपमुलक तालिम र जनचेतनामूलक कार्यक्रम युवा, पिछडिएका वर्ग, गरीब विपन्नलाई आत्मनिर्भर बनाउन संचालन गरिसकेका छन् ।

# जसपा नगर अध्यक्ष चौधरीले दिए राजीनामा

मधेशदृष्टि
जनकपुर, मंसिर १० गते ।

धनुषा क्षेत्र नम्बर ३ को प्रतिनिधिसभा तथा प्रदेशसभामा हारको जिम्मेवारी लिंदै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का जनकपुरधाम उपमहानगरपालिकाका नगर अध्यक्ष मनोज चौधरीले पार्टीबाट राजिनामा दिएका छन् ।

नगर अध्यक्ष चौधरीले पार्टीको केन्द्रिय कार्यालयमा राजीनामा पत्र बुझाउँदै पार्टीका अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता राजेन्द्र महतो, शरदसिंह भण्डारी, अनिल कुमार झाप्रति अभार व्यक्त गरेका छन् । राजीनामा पत्रमा उनले सम्पन्न प्रतिनिधि र प्रदेश सभाको निर्वाचनमा धनुषा क्षेत्र नं. ३ र ३ (ख)मा पार्टीको उम्मेदवार पराजित भएकोले नगर अध्यक्षको है सियतले पराजय भएको कमी कमजोरीलाई अरुलाई दोष लगाउनु भन्दा आफै नैतिक रुपमा स्वीकार गर्दछु भन्ने उल्लेख गरेका छन् ।

सो राजीनामा पत्रमा क्षमा माग्दै शनिवारदेखि लागू हुने गरी लोसपाको नगर अध्यक्ष पदबाट राजीनामा दिएको उल्लेख गरेको छ । उनको राजीनामापछि जनकपुरधाम क्षेत्रमा चौधरी कांग्रेसमा जान लाग्दा हारको अवसरलाई प्रयोग गर्दै पार्टीबाट राजीनामा दिएको चर्चा चलेको छ ।

स्रोतकाअनुसार उनी स्थानीय तहको चुनाव सकिए लगत्तै कांग्रेसमा जाने तयारी थालेका थिए । तर संसदीय निर्वाचन आएपछि पर्खेका थिए । चुनाव सकिए लगत्तै पार्टीको उम्मेदवार हारेपछि सो अवसरको प्रयोग गर्दै नैतिकताका आधारमा भनी

# सिरहामा नेपाली कांग्रेस शून्य, पार्टी कहल प्रमुख कारण

मुकेश कुमार यादव
सिरहा, मंसिर १०

सिरहाको चारवटै निवार्चन क्षेत्रमा प्रतिनिधि तथा प्रदेशसभातर्फ नेपाली कांग्रेस शून्य भएको छ । सिरहामा प्रतिनिधिसभाको ४ वटा निर्वाचन क्षेत्र र प्रदेशसभाको ८ वटा निर्वाचन क्षेत्रमा काङग्रेस एक सिट पनि जित्न सकेन । नेपाली कांग्रेसका बलियो किल्ला मानिने सिरहा जिल्लाको चारवटै क्षेत्रमा नेकपा एमाले र जसपा निर्वाचित भएका छन् । यसको मुख्य कारण मध्ये एउटा तराई मधेशमा एक्कासी उदीयमान भएको डा.सीके राउत नेतृत्वको जनमत पार्टी मानिन्छ । तराईका जिल्लाहरुमा ठुलो पार्टी कहलाउने नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी, जसपा लगायतका पार्टीलाई जनमतपार्टीले ल्याएको मत परिणामले ठुला पार्टीमा पराकम्प पैदा गरेको जानकारहरु बताउँछन् ।

सम्पन्न निर्वचनकालागी पाँच दलीय वाम लोकतान्त्रिक गठबन्धनको बाँडफाँडमा सिरहामा प्रतिनिधिसभामा २ वटा क्षेत्रमा नेपाली कांग्रेसका शीर्ष नेताहरुले उम्मेदवारी दिएका थिए । बाँकी २ वटा क्षेत्रमा एकीकृत समाजवादी र नेकपा माओवादीको भागमा परेको थियो ।

स्थानीयतहको मतलाई आधार मान्दा सिरहाको चार निर्वाचन क्षेत्र मध्ये ३ वटामा सत्ता गठबन्धनको जित सुनिश्चित देखिएपनि नेपाली कांग्रेस भित्रको अन्तरकलहका कारण हार व्यहोर्नुपरेको नेपाली कांग्रेसका जिल्ला सचिव शैलेन्द्र यादव बताउँछन् । 'पहिलो कुरा १ अघिल्लो निर्वाचनमा सिरहामा जनमत पार्टीको उम्मेदवारी परेको थिएन र अरु साना दलको वर्चस्व पनि थिएन' यादव भन्छन्, 'यो निर्वाचनमा जनमत पार्टीले एमाले र जसपाको मत नकाटेर हाम्रै गठबन्धनको मत काटेकोले यस्तो परिणाम आएको हो ।'

यसबाहेक अर्को मुख्य कारण एमाले जसपाको एउटै क्षेत्रमा आधिकारिक दुई उम्मेदवार थिएनन् । यादवका अनुसार क्षेत्र नं.३ को 'ख'मा गठबन्धनकै अधिकारिक नेपाली काङग्रेसबाट टिकेट पाएर उम्मेदवारी दिएकोले पार्टी भित्र अन्तरकलह पैदा भयो र अहिले त्यसको फल स्वरुप गठबन्धनलाइ सबै क्षेत्रमा हार व्यहोर्नु पर्यो ।

चुनावी परिणाम विगतको जस्तो नआएपनि जनताले गठबन्धनलाइ विश्वास गरी अत्याधीक मत दिएकै दाबी गर्दे यादव यसलाइ त्यसको संरक्षणगर्न तर्फ लाग्ने बताउँछन् ।

प्रतिनिधिसभा निर्वाचन ०७४ मा क्षेत्र नं. १ बाट नेपाली कांग्रेसका स्व.नेता प्रदीप गिरी निर्वाचित भएका थिए । गिरीले २३ हजाार ९५१ मत ल्याएर निर्वाचित हुँदा नेकपा एमालेका गंगा यादव २१३७१ मत ल्याएर दोस्रो भएका थिए । त्यो बेला प्रदीप गिरीको जितमा संगठनको मत भन्दा पनि व्यक्तित्वको मत निर्णायक बनेको यस क्षेत्रका स्थानीय बुद्धिजीवी बताउँछन् ।

अहिले भने नेपाली कांग्रेसभित्रको मतभेदका कारण यस क्षेत्रमा पराजित हुन पुगेको काङग्रेसका कार्यकर्ताहरु बताउँछन्। प्रतिनिधिसभा निर्वाचनमा निर्वाचित भएका राम शंकर यादब नेपाली काँग्रेसका नेता तथा पूर्वमन्त्री पदम नारायण चौधरीलाई दुई हजार ८३ मतान्तरले पछि पार्दै विजयी भएका हुन् ।

सिरहा निर्वाचन क्षेत्र नम्बर २ मा पनि पूर्व मन्त्रि तथा नेपाली कांग्रेसकी नेतृ चित्रलेखा यादव पनि लोकतान्त्रिक-वाम गठबन्धनका साझा उम्मेदवार थिइन् ।

२०७४ को आम निर्वाचनमा यस क्षेत्रबाट नेकपा माओवादीबाट टिकट पाएका सुरेश चन्द्र दास यादव निर्वाचित भएका थिए । निर्वाचित यादबले २० हजार १४८ र उनका प्रतिस्पर्धी सत्रुधन प्रसाद सिंहले १७ हजार २६० मत प्राप्तगरी पराजित भएका थिए । पराजित भएका सिंहले हाल समपन्न निर्वाचनमा क्षेत्र नं. २ प्रदेशसभा 'ख'मा निर्वाचित भएका छन् ।

२०७४ सालमा पनि समानुपातिक सांसद भएकी चित्रलेखा कांग्रेसको प्रमुख सचेतक हुन् । पुन: यसै क्षेत्रबाट उम्मेदारी दिएकी मतदाताको असन्तुष्टिका कारण ११५० मतान्तरले पराजित भइन् । सिरहा क्षेत्र नं २ मा जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार राजकिशोर यादव २४१७८ मत ल्याई विजयी भएका छन् ।

सिरहा निर्वाचन क्षेत्र नम्बर ३ मा सत्ता गठबन्धनबाट माओवादी केन्द्रका विश्वनाथ साह र जसपा ,एमाले गठबन्धनको एमालेका उम्मेदवार लिलानाथ श्रेष्ठबीच कडा प्रतिस्पर्धा रह्यो ।

प्रतिनिधिसभा निर्वाचन २०७४ मा श्रेष्ठले २३ हजार २ सय २७ मत ल्याएर निर्वाचित हुँदा संघीय समाजवादी फोरमका असेश्वर यादवले २१२२० मत ल्याएर दोस्रो भएका थिए । पुन: यसै क्षेत्रबाट प्रतिनिधिसभामा लडेका पूर्वमन्त्री लिलानाथ श्रेष्ठले २८ हजार ६४ मत ल्याई विजयी भएका छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उम्मेदवार विश्वनाथ साहलाई ११८२ मतान्तरले पराजित गरेका हुन् । पराजित विश्वनाथ साहले २६ हजार ८८२ मत ल्याएका छन् । विश्वनाथ साह २०४८ को आम निर्वाचन र २०६४ को संविधानसभा निर्वाचनमा तत्कालीन सिरहा-५ मा जनमोर्चा नेपालबाट उम्मेदवार बने पनि पराजित भएका थिए ।

सिरहा क्षेत्र नम्बर ४ मा एमाले जसपा गठबन्धनबाट जसपाका विरेन्द्र महतो र सत्ता गठबन्धनबाट एकीकृत समाजवादीका पुर्व मन्त्रि धर्मनाथ साहबीचको प्रतिस्पर्धामा महतो २४ हजार १०२ मत ल्याई विजयी भएका छन् । उनको निकटतम प्रतिद्वन्द्वी जनमत पार्टीका उम्मेदवार वीरेन्द्रप्रसाद साह बने भने सता गठबन्धनका नेकपा एकीकृत समाजवादीका उम्मेदवार धर्मनाथ साहले १४ हजार ६५३ मत ल्याइ तेस्रोस्थानमा छन् ।


सिरहामा नेपाली काङग्रेसमा पार्टी भित्रकै गुट-उप गुटका कारण यो निर्वाचनमा सता गठबन्धनले हार व्यहोर्नुपरेको काङग्रेसीजनहरु स्वीकार्छन् । सिराहा काङग्रेसमा भित्रदेखि नै गहिरो मतभेद कायम रहेको छ । जसको प्रभाव र परिणाम यस निर्वाचनमा देख्नु परेको नेपाली कांग्रेसका नेताहरु बताउँछन् । समपन्न निवार्चनमा क्षेत्र नम्बर ३ ख मा सत्ता गठबन्धनको साझा उम्मेदवार एकीकृत समाजवादीका निवर्तमान प्रदेश कानुन मन्त्री प्रमोद कुमार यादवलाई गठबन्धनको साझा उम्मेदवार बनाए पनि संजय प्रकाश यादव नेपाली कांग्रेसबाट मित्रबद्ध प्रतिस्पर्धी बनाएर बागी उम्मेदवार बने । सिराहा जिल्लामा नेपाली कांग्रेस कमजोर हुनुको मुख्य कारण पार्टी भित्रको आन्तरिक विवाद र मतभेद

## पर्सा ३ मा २ सय ७२......

घोषणा गर्न परिपत्र गरेसँगै अहिले समानुपातिक तर्फको मत गणना समेत सो क्षेत्रको अन्तिम चरणमा पुगेको पर्साका मुख्य निर्वाचन अधिकृत विनोद कुमार पोखरेलले बताए । १ सय ५१ मतको अन्तरले पराजित सुरेन्द्र चौधरीलाई कतै आफ्नो मत भेटिएर जितिने त होईन भन्ने आशा पलाएको छ भने विजयी घोषणा गरिएका उम्मेदवार राज कुमार गुप्तालाई आफूलाई षडयन्त्र गरी हराउने त होईन भनेर शंका उत्पन्न भएको छ । तर आफूहरुले निष्पक्ष र पारदर्शिताको आधारमा मत गणना गरि सार्वजनिक गर्ने मुख्य निर्वाचन अधिकृत पोखरेलले बताए ।

भेटिएका मत कुनै एक पक्षको नभई सबैको रहेको हुँदा ति मत जोडेर विजयी उम्मेदवार पुन: घोषणा गरिने पोखरेलले बताए । यसैबिच पर्साको क्षेत्र नम्बर १, २ र ४ को समानुपातिक तर्फको मतगणना समेत सम्पन्न भइसकेको र क्षेत्र नम्बर ३ को विवादका कारण ढिला भएको मुख्य निर्वाचन अधिकृत पोखरेलले जानकारी दिए ।

# सीताराम विवाहपञ्चमी महोत्सव तिलकोत्सव सम्पन्न



मधेशदृष्टि-
जनकपुरधाम, मंसिर १० ।

विवाह पञ्चमी महोत्सवको चौथो दिन शनिवार तिलकोत्सव विधि सम्पन्न गरिएको छ । त्रेता युगमा भगवान राम र सीताको विवाह भएको सम्झनामा जनकपुरधाममा एक सातासम्म मनाइने विवाहपञ्चमी महोत्सवअन्तर्गत तिलकोत्सव मनाइएको हो। सो अवसरमा जानकी मन्दिरबाट 'भार'लिएर जानकी मन्दिरका सहायक महन्थ रामरोशन दास वैष्णव राम मन्दिर पुगेका थिए। विवाहपञ्चमी कार्यक्रमअन्तर्गत तिलकोत्सवमा जानकी मन्दिरका सहायक महन्थ दास र अयोध्या दरबारको प्रतिनिधित्व गर्ने जनकपुरधामस्थित राम मन्दिरका महन्थ राम गिरीले अंकमाल गरेका छन्। जसलाई मिथिला क्षेत्रमा 'सम्धी' मिलन भनिन्छ ।तिलकोत्सवको अवसरमा दुवै पक्षबीच हासपरिहास कार्यक्रम भएको थियो।तिलकोत्सव कार्यक्रममा जानकी मन्दिरबाट फलफूल, मिष्ठान लिएर श्रद्धालुहरु राम मन्दिरको प्राङ्गणमा पुगेर तिलकोत्सव कार्यक्रममा सहभागी भएका थिए । सो कार्यक्रममा प्रमुख अतिथिको रुपमा धनुषा क्षेत्र नम्बर ३ का नवनिर्वाचित प्रतिनिधि सभा सदस्य जुली महतो र विशिष्ट अतिथि नवनिर्वाचित प्रदेश सभा सदस्य दिपेन्द्र ठाकुरको उपस्थिति रहेको थियो ।

## सिमरा सेजमा ३० निजी कम्पनिको ..............

कसरी ह्यायाण्डओभर गर्ने, नेपाल सरकारको जग्गा धितो राख्न नपाउने ब्यवस्थाका कारण बैकंवाट कर्जा पाउन समस्या हुने, सेज छेउछाउका मानव वस्तीका कारण भोलीका दिनमा द्वन्द्व सिर्जना हुनसक्ने,सिमरा टेलिकमदेखि सेज सम्मको साँघुरो सडक पुर्वाधार,बैंकहरुको लगानी ठप्प भएको भन्दै सेजमा उद्योगीहरु आउन ईच्छुक नभएको उद्योग वाणिज्य महासंघले जनाएको छ ।

'सेजमा उद्योग सञ्चालन गर्न ४० वर्षको लागि जग्गा भाडामा लिएर हामीले बनाएका भवन संरचनाहरु ४० वर्षपछि के हुने हो, सेजमा आईसकेपछि भोली कुनै कारणले उद्योग चलेन भने हाम्रो लगानी कसरी निकाल्ने हो यो चिन्ताको बिषय छ?' उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष गणेश प्रसाद लाठले भने 'बारा पर्सा औद्योगिक करिडोरमै भएका उद्योगहरु उठाएर सेजमा लैजाने हो भने खर्च बढ्छ, नयाँ उद्योगहरु तुरुन्त बिशेष आर्थिक क्षेत्रमा छिर्नलाई समग्र देशको लगानी मैत्रि वातावरण छैन्' ।

सिमरा सेजमा ७ अर्व २५ करोड लगानी भनिएका ३० वटा निजी कम्पनि मध्ये बारा-पर्सा औद्योगिक करिडोरका एउटै उद्योग छैनन् । सेजमा आवेदन दिएका कम्पनिहरुले उद्योग सञ्चालन नगर्ने तर जग्गा मात्रै ओगट्ने काम गरेको हुनसक्ने भन्दै वीरगञ्ज उद्योग वाणिज्य संघले पनि ध्यानाकर्षण जनाएको छ । 'साच्चै ति कम्पनिहरु उद्योग सञ्चालन गर्ने उद्देश्यले आएका हुने कि जग्गा मात्रै होल्ड गरेर राख्ने खालका हुन् सरकारले अनुसन्धान गनुपर्छ र निश्चित अवधीभित्र उद्योग सञ्चालन नगर्नेलाई सम्झौता रद्द गनुपर्छ' वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवालले भने । उनले निर्यातमुलक मात्रै नभएर आयातलाई प्रतिस्थापन गर्ने खालको उद्योगहरुलाई पनि सेजमा प्रवेश गराउनुपर्ने सुझाव दिएका छन् । 'अहिले बैकले लगानी गर्ने वातावरण छैन्, गरिहालेपनि १८/१९ प्रतिशत ब्याज तिरेर उद्योग खोल्नसक्ने अवस्था पनि छैन्,यस्तो अवस्थामा सेजले ६० प्रतिशत निर्यातको प्रतिवन्धलाई हटाएर आयातलाई प्रतिस्थापन गर्ने खालका उद्योगलाई पनि सेजमा प्रवेश गराउनुपर्दछ' वरिष्ठ उपाध्यक्ष अग्रवालले भने । वीरगञ्ज उद्योग वाणिज्य संघले जग्गाको भाडादर अझ मह्गंगो भएको भन्दै प्रतिवर्गमिटर २० रुपयाँलाई घटाएर ५ देखि १० रुपयाँ सम्म उचित हुने माग गरेका छन् ।

बिगत ५ वर्षदेखि बारा-पर्सा औद्योगिक करिडोरमा नयाँ उद्योगहरु स्थापना भएका छैनन् । यस्तो अवस्थामा सेजमा कस्ता उद्योगहरु आउने भन्ने नै अन्योलता देखिएको उद्योगीहरुले जनाएका छन् । 'सेजको जग्गामा कुन प्रकृतिको उद्योग आउदा राम्रो हुन्छ भन्ने विषयमा अध्ययन/अनुसन्धानै नगरेर हचुवाको भरमा लगानी भित्राउन खोजेको जस्तो देखिदैछ' अग्रवालले भने । सरकारले निर्यातमुलक उद्योगलाई बिशेष प्राथमिकता दिने भनिएपनि सेजमा उत्पादन गरेको वस्तुले भारतिय बजारमा प्रतिष्पर्धा गर्न सक्न/सक्दैन् भन्ने कुनै निश्चित भने छैन् । पछिल्लो समय बारा पर्सा औधोगिक करिडोरका उद्योगीहरुलाई फकाउन सेजले उद्योगी,ब्यवसायीलाई विभिन्न अफर समेत दिदै आएको छ ।



सम्पादकीय

# सार्थक रहोस लैंगिक हिंसा विरुद्धको अभियान

संसारभर लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान प्रारम्भ भएको छ। नोभेम्बर महिनाको २५ तारिखदेखी प्रारम्भ भएर १० डिसेम्बर मानव अधिकार दिवशका दिन टुंगिने अभियान चलिरहेको छन् । राजधानी काठमाडौंमा भव्यताकासाथ सुरु भएको कार्यक्रमलाई सबैजसो ठूला शहर, व्यनगरपालिका, गाउँपालिकाहरुले अभियानकै रुपमा मनाउँदै छन्, त्यस्तै देखिदैंछ। मधेश प्रदेशको वीरगंज महानगरपालिकाले पहिलो दिननै कार्यक्रम आयोजना गरेको छ। महानगरका उपप्रमुखको अगुवाईमा निकालिएको र्‍यालीले नगरका विभिन्न भाग परिक्रम गरेको थियो ।

महानगरपालिकाद्वारा आयोजित र्‍यालीमा जिल्ला प्रहरी कार्यालय र विभिन्न समाजिक संघसंस्था, एकद्वार संकट व्यवस्थापन केन्द्र पर्सा, दिब्य युवा क्लब, माइती नेपाल, आफन्त नेपाल, सानो पाइला, आवर संसार, आसमान नेपाल, ब्लु डायमण्ड सोसाइटी, सामुदायिक प्रहरी सेवा केन्द्र छपकैया, बिर्ता, कुम्हालटोल सामुदायिक प्रहरी सेवा केन्द्र, मीनाबजार लगायतको सहभागीता रहेको थियो।

यता, जनकपुरधाम उपमहानगरपालिका लगायत विभिन्न स्थानीय तहमा महिला हिंसा विरुद्धका कार्यक्रम भएका छन्, हुदैंछन् । मिथिला विहारी नगरपालिकामा स्थानीय सरकारको समन्वयनमा प्रदेश सरकार र विभिन्न गैरसरकारी संस्थाहरुले बालविहाह नियन्त्रण तथा रोकथामका लागि क्रियाशील अभियानकर्ताहरुलाई सम्मान गर्ने लगायतका कार्यक्रम आयोजना भएको छ। 'सभ्य समाजको पहिचान, लैंगिक हिंसा विरुद्धलको अभियान' यो वर्षको नारा हो । नारा आफैले हिंसालाई समाजको पहिचानसँग जोडेको छ। नारा र अभियानहरु आफैले महिला हिंसा विरुद्धका घटना र प्रवृतीमा न्यूनिकरण गर्ने होइन। नारा र अभियानहरुले चेतना जगाउने हो, जनमानसलाई जागृत गराउने हो, सरोकारवालाहरुलाई झक्झक्या्उनेमात्र हो ।

महिला हिंसा विरुद्धमा केही वर्ष यता उल्लेखनिय काम भएका छन् ।महिला हिंसाका घटनाहरुको प्रचार प्रसार प्रशस्त भएका छन्। अदालतका फैसलाहरु, नीति तथा कानूनी व्यवस्थाहरुले समाजमा महिला हिंसा गर्नुहुँदैन है भन्ने सन्देश केही हदसम्म प्रवाहित भएको पाइन्छ। तर पनि घटनाहरुमा कमी आएको पाइदैंन ।

मधेश प्रदेशका आठ जिल्ला यस मामलामा अझ बद् नाम छन् । महिला हिंसा गर्ने काम कुनै निश्चित व्यक्ति वा परिवारले गरेका हुन्छन्। तर बदनाम सारा समाजको हुँदै आएको छ। मधेशमा वर्षोदेखी समाजमा जरो गाडेको दाइजो वा स्थानिय भाषामा तिलककै कारण विवाह गरेर ल्याएकी कूलवधु माथी मानसिक, शारिरिक यातना दिने घटनाहरु वर्षेनी जस्तो सार्वजनिक भैरहेका हुन्छन्। सार्वजनिक भएका घटनाहरु समाजमा मापक हुन पुग्दछन् । हाम्रो समाजमा महिलाहरुलाई वाल्यकालदेखीनै सहिष्णु हुनुपर्दछ भन्ने शिक्षा दिइएको हुन्छन् ।सामाजिक, पारिवारिक परिवेशका कारण अधिंकाश हिसाका घटना सतहमा आउँदैनन्। दविएर बसेका हुन्छन्, घरपरिवारको इज्जतको नाममा आफैले आफूलाई मानसिक यातना दिइरहेका हुन्छन् उनीहरुले ।उनीहरुको यो वाध्यतालाई कमजोरी सोच्नु हुँदैन। अति भएपछि विस्फोट हुन्छ, अनि समाजमा छताछुल्ल हुन्छ । सार्वजनिक वहसमा आएका घटनाले समग्र समाजकै बैइज्यती गर्दछन्।

समस्या समाज, परिवार, व्यक्तिहरुमा अर्न्तनिहित हुन्छ। धनसम्पत्ती, यौन सम्बन्धका कारण पनि हिंसाका घटना हुने गरेका छन् । तसर्थ अभियानहरु ठोस कार्यक्रम बन्नुपर्दछ, सामाजिक सम्बन्धका कुरामा ध्यान दिने परिवार केन्द्रीत कार्यक्रमहरु प्रभावकारी हुनसक्छन्।

के पनि देखिएको छ भने अधिकारसँग सम्बन्धित कार्यक्रमहरु सरकारको नभएर गैर सरकारी संस्थाहरुको हो। अभियानमा पनि उनीहरुकै धेरै सक्रियता देखिन्छ । यसको अर्थ सरकारले केही गरेको छैन भन्ने होइन । मुख्य जिम्मेवारीनै सरकारकै हो ।सरकारले देखिनेगरी धेरै मेहनत गर्नुपर्दछ ।

केन्द्रीय सरकारले नीति निर्माण गर्ने, प्रदेश सरकारहरुले प्रदेश अनुकुल नीति अख्तियार गर्ने र स्थानीय तहहरुले नागरिकका घरपरिवार केन्द्रीय कार्यक्रम संचालन गर्ने हो भने महिला हिंसाका घटनामा स्वत कमी आउँने हुन्छ । घटना हुन नदिन सुक्ष्म कार्यक्रम आवश्यक हुन्छ भने घटना भैसकेपछि एउटी महिला जो न घरमा बस्न सक्छिन, न त माइती पक्षलेनै स्वीकार गर्दछ। त्यस्ता महिलाको पुर्नस्थापनाका लागि स्थानिय तहले रचनागत र व्यवस्थापकीय भूमिका खेल्नसक्नु पर्दछ । स्थानीय तहबाट सामाजिक क्षेत्रमा ठूलो परिणाममा बजेट विनियोजना गरिएको हुन्छ । त्यस्ता बजेटलाई प्राथमिकतासाथ महिला हिंसा विरुद्धको अभियानमा लगाउन सकियो भने त्यो कामयावी हुनसक्छ । दुई साता अभियान गरेर औपचारिकता पुरा गरेको नठानौं ३६५ दिननै महिला हिंसा विरुद्ध प्रतिवद्ध होऔं।

कबीरा खडा बाजार

# चुनावमा कसको जीत ? नेता कि जनता



- चन्द्रकिशोर

कवि रैदासको पंक्ति छ - 'जैसा खाए अन्न, वैसा होवे मन ।' जस्तो अन्न खाईन्छ , त्यस्तै मन हुन्छ। आजभोलि अर्थप्रधान युगमा धन नै सबै चीज नाप्ने ईकाई हो। पैस आना चाहिए, शर्म तो आनी - जानी है । जब निर्वाचनमा नगदको बोलबाला बढ्छ , मतको खरिद बिक्री हुन्छ वा यसरी भनौ मतदाता स्वयं बिक्री हुन तत्पर हुन्छ ।

तिनले कति पैसा कमाए त्यसको आधारमा निर्वाचनको लेखाजोखा गर्दछन । अरूले के भन्छन त्यसको हेक्का राख्दैन । मतदाता स्वयंले नै लोकलाजको खासै मतलब राख्दैनन्। बिक्री हुनुलाई नै जब ठूलो उपलब्धि मानिन थालिन्छ। त्यस्तोमा रैदासको उक्त पंक्तिको आलोकमा भन्न सकिन्छ - एकपटक नोट लिनु भो भने पांच बर्षसम्म चोट खाई रहनु पर्छ। जब भोटका वापत केही विनिमय गर्नु हुन्छ भने चुनाव पश्चातको समयमा जनप्रतिनिधिलाई आलोचना गर्नुको कुनै तूक छैन। मतदाता वा मतदान प्रक्रिया कुनै अमूर्त चीज होइन ।

चुनावको दिन पर्सा जिल्लाका मतदान केन्द्रहरूमा अवलोकन गरिरहँदां कतिपय ठांउमा जलेबीको पोको वितरण हुंदै गरेको पाईयो । कुरा के रह्यो भने भित्र मत खसाल्नुस , बाहिर पोको लिएर जानुस। यो सुविधा केवल महिलाहरूका लागि थियो । कुनै अमूक उम्मेदवारलाई मत दिनुस, अनि बाहिर तिनका तर्फबाट ब्यवस्था गरिएको जलेबीको पोको बोकेर लग्नुस । सोध्दा खेरी कतिपयले यसलाई एउटा शिष्ट चलन रहेको बताए। कसैले त कतै कतै मासु नै वितरण भएको बताए । कतै एक एक मतको मोलतोल गरिएको सूचना दिए ।

चुनाव पश्चात जीत हारको विश्लेषण सुनिदा अनेकौ ठांउको खवर थियो। मतदान दिनको दुई दिन पूर्व माहौल बदलियो । प्रतिस्पर्धीले पैसाको अत्यधिक प्रयोग गरे । कतै भोज भतेर , कतै जिंसी सामग्री उपहार वितरण भयो। नगदले चुनाव परिणाममा उलट पलट गरिदिएको धेरै ठांउबाट बताउनेहरू देखिए । यसले देखाएको तथ्य के हो भने यसपटकको निर्वाचनमा नगद ( कैश) एउटा महत्वपूर्ण तत्व रह्यो । कतिपय ठांउमा पैसा बुझेर पनि मतदान आर्को पक्षलाई गरे । अहिले परिणाम बदलिए पछि पैसा फिर्ती गरिनु पर्ने पंचायती हुन हुन थालेको छ । नगदको प्रयोग पहिला पनि हुन्थ्यो तर यसपटक बढि देखियो ।

नगद कसरी निर्णायक हुन पुग्यो ? यसका केही सामाजिक आर्थिक आयामहरू छन। उसो त दिनानुदिन महंगाई बढ्दैछ । गाड़ी भाडा , इंन्धन, प्रचार सामग्रीहरू, कार्यकर्ता व्यवस्थापन, इभेन्ट मैनेजमेंट सबै खर्चिलो भयो। चुनाव प्रचारको शैली बदलियो । यही तराईका जिल्लाहरूमा साईकल - मोटरसाइकिलमा प्रचार हुन्यो , गाडी त एक दुई वटा लिन्थे कुनै उम्मेदवार विशेषले। अब त गाड़ी नै कति हुन्छ कति । कतिपय उम्मेदवारहरूले आफ्नो अनुकूलता छद्म उम्मेदवार उठाएका हुन्छन् । त्यसको प्रयोजन ती प्रत्याशीका नाममा गाडी सुविधा लिने , मतदान केंद्रमा प्रतिनिधि राख्ने हुन्छ ! उम्मेदवारहरू दोहोरो मारमा छन , पहिलो प्रचार शैली र प्रक्रिया खर्चिलो भयो। दोश्रो मतदाता खरिद गर्ने प्रतिस्पर्धा भयो। यसले गर्दा जो जहां जीते वा हारे तिनले भन्दैछन , यसरी त अब चुनाव लड्न सकिदैन।

कतिपयले त स्थानीय तहमा स्रोतको बढी परिचालन हुन थालेपछि पालिकाको निर्वाचन बढि खर्चिला भयो भन्ने मत राख्छ। एउटा सानो क्षेत्र विशेषमा बढी सरकारी स्रोत परिचालन गर्न मिल्ने हुंदा त्यसबाट लाभ उठाउने समूहको एउटा परिधि बन्दो रहेछ । जो जित्छन तिनले पालिकाको स्रोतमाथि आफ्नो कब्जा भएको ठान्छन ।बितेका बर्षहरूमा बहुसंख्यक मेयरहरूको जसरी आर्थिक स्तर उक्लियो , उनका ब्यापार फस्टायो ।

त्यसले गर्दा मेयरको टिकट लिने बेला देखि नै थैलीको प्रयोग हुन थाल्छ। कतिपय मेयरहरू नै एउटा निश्चित रकम चुक्ता गरेपछि टिकट पाएको अनुभव राख्छ। त्यसपछि शुरू हुन्छ कसरी जित्ने ? त्यहां पनि पैसा कै खेल । यसरी नगदप्रतिस्पर्धाले प्रतिनिधि सभा सदस्य लड्नेहरू खेल खर्चिलो बन्यो।

कतिपय ठांउमा एउटै दल वा गठबंधनको उम्मेदवारहरू जो प्रतिनिधि सभा र प्रदेश सभा मै सामंजस्यमा लडे , त्यहां तिनीहरू खर्च बांडिचुंडि गरे । त्यही कतै त यसरी समन्वय गरि दुवै तहमा लडेका भए तापनि सबै खर्च प्रतिनिधि सभा सदस्यका प्रत्याशीले चूक्ता गरे। हरि अनन्त हरि कथा अनंता भनेझै प्रत्याशी पिच्छै नगद प्रवाह गर्ने प्रवृत्तिका कथाहरू असिम र अनन्त छन्।

पहिला चुनावमा कार्यकर्ताहरू नै स्थानीय स्तरमा भेटघाट र भोजन प्रबन्ध गर्थे । अब त जुन ठांउमा भेला डाकियो , पहिला त्यहांका कार्यकर्तालाई प्रिपेड भूक्तानी गर्नु पर्‍यो । त्यहाँका टेंट, कैंटिन, लगायतको खर्च बेहोर्नु पर्‍यो । राजनीति महंगो भो। चुनाव खर्चको दृश्य -अदृश्य प्रवाह भयानक रूपले बढ्यो। चुनाव लड्न पूर्व नै टिकट लिने बेला नै सोच्न थालियो , सक्छौ कि सक्दैनौ ? यो सक्नु भनेको पैसाको ब्यवस्थापन गर्न सकिन्छ कि सकिदैन भन्ने नै हो।

जो मतदाता पैसा लिएर मत बेच्छ उसले आफ्नो जनप्रतिनिधिको आलोचना गर्ने नैतिक अधिकार गुमांउछ । हामी प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्य भ्रष्टाचार गर्‍यो , आफ्नै परिवृतका लाई संरक्षित गर्‍यो , उपभोक्ता समितिको नाममा लूट गर्‍यो भन्छौं। बिहान देखि बेलुकासम्म गाली गर्छौं । एकछिन सोच्नुस जो त्यत्रो खर्च गरेर चुनाव जीते , उसले पहिला त्यो खर्चिएको रकम असुलि गर्न खोज्छ। उसको प्राथमिकतामा पहिलाको खर्च असुली र आगामी निर्वाचनका लागि पैसाको बंदोबस्ती हुन्छ । यसरी जो रकम खर्चिएको छ त्यो फ्रिज गरेर राखिएको मनी हो।

नोटले भोट किन्न सकिन्छ भन्ने सोच त आम नागरिकलाई पनि खल्तिको गोटी ठानेर निर्वाचनलाई, प्राविधिक वैद्यता , हासिल गर्ने प्रक्रिया हो। निर्वाचन भनेको त जनता ब्युंझिएका बेला हो। जनताले पानी र दुध छुट्याउंने मौका हो। निर्वाचनले विगतका जनप्रतिनिधि - दलको मूल्यांकन तथा प्रतिस्पर्धामा रहेकाहरूको सामर्थ्यताको लेखाजोखा गर्ने अवसर हो । पैसा खर्च गर्नमा सक्षम र निष्ठा पालन गर्नमा कमजोरहरूले जित्नु भनेको दोष मतदाता मै छ । मतदाताले जनप्रतिनिधि कसरी छनौट गर्छन्? मतदान प्रक्रियालाई प्रभावित गर्ने तत्व के हुन? जनता मतदान कसलाई गर्ने भन्ने निर्णय प्रक्रियामा कसरी पुग्छन् ? यसपटक के भयो ? अब विवेचना हुनु पर्दछ। सबै पैसा खर्चेर जीते , त्यो पनि असत्य हो। तर पैसा खर्चेर टिकट किन्ने,

चुनावमा ठूलो खर्च गरेर चुनाव जितिने डरलाग्दो प्रबृत्ति यसपटक बाक्लिएको पक्कै हो। यो चुनाव सित जोडिएका अनेकौ पाटा छन् । मुख्य विषय जो अत्यधिक खर्चेर चुनाव जीते तिनी वास्तवमा कसका प्रतिनिधि कहलिन्छन्।


तिनको प्राथमिकतामा के हुन्छ जनता कि लगानी असुली? यस्तो तरीकाले सम्पन्न चुनाव मार्फत लोकतंत्र कसरी उन्नत र बलियो हुन्छ? सामान्य सूचनाको पहुचमा भएको जोसुकैले सहजै भन्न सक्छ, यो चुनावी सफलता आम जनताको हितमा छैन । बेथितिहरू झन झांगिदै जाने निश्चित छ।

अब प्रश्न उठ्छ मतदाता पहिला भन्दा शिक्षित, सुसूचित, विश्लेषण गर्न सक्ने, स्वतंत्र चेत भएका, नागरिक सशक्तिकरणका कार्यक्रमहरूबाट लाभान्वित भएका बढि छन, तर पनि मत किनबेच किन बढ्दै गयो ? एउटा यस्तो मानस जहाँ यो ठानिन्छ जितेर जानेहरू भोली अकूत आर्जन गर्ने हो त्यसैले जति सक्यो त्यति यतिखेर नै लि हालौ। यो बुझाई डरलाग्दो छ।

तर यसको सामाजिकीकरण हुंदै गएको छ। यस्तो बुझाईको संक्रमणलाई रोक्न जरूरी छ। यो निर्वाचन जे जसरी भयो - भयो आगामी समयमा सुधार देखियोस । यसपटक पनि थोरै विराम लागेको सुनिनमा आयो। निष्ठावान नेताहरू जीतेका छन, जुन सकारात्मक हो। मिडिया र नागरिक समाजको भूमिका बढ्यो। निर्वाचनको एउटा प्रक्रिया सकियो।

तर लोकतंत्रमा निर्वाचन आवधिक रूपमा भै राख्छ। आम मतदाताले आफु स्वयं जीत्ने तरीका बारे सोच्न थाले भने सुधार सम्भव छ । नेपाली समाजलाई अहिले भन्दा बढी समतामूलक, समुन्नत र लोकतांत्रिक बनाउनका मिडिया पहरेदार भैराख्नु पर्छ।

# सीता–राम विवाह महोत्सव, सम्बन्धको सेतु



– उपेन्द्रभगत नागवंशी

हरेक समाजमा विवाहलाई एउटा पवित्र बन्धन मानिएको छ। जुन बन्धनले समाज गतिशील हुन्छ , प्रगतिशिल हुन्छ । दाम्पत्य जीवनका साथ-संसारलाई सन्ततीको माध्यमबाट चलायमान बनाउन वंश परम्परा जागृत हुन्छ । त्यसले कालान्तरमा थप मार्ग निर्माण हुन्छ र एउटा परिवार-समाजले अर्को परिवार-समाजसंग जोड्ने र तोडने काम समेत वैवाहिक बन्धनले गरेको हुन्छ ।विवाहिताले आफ्नो सम्बन्धलाई सकारात्मकरुपमा लाने गर्नुपर्छ । साकारात्मकरुपमा गयो भने सम्बन्ध-सेतु दरिलो बन्दछ र त्यसबाट अरु पनि लाभान्वित हुन्छन्।

सीतारामको विवाह सम्बन्ध त्यस्तै सर्वहितैसी सर्वमङ्गलकारी सिद्ध सैद्धान्तिक प्रथा हो । हजारौं वर्ष पहिला यस्तै वैवाहिक सम्बन्ध सेतु सीतारामको माध्यमबाट तयार भएको थियो मिथिला-नेपाल र अवध-भारतबीच । जो दुईवंशीय पारिवारिक सम्बन्ध लोक सम्मतिका सिद्धान्तहरु पनि निर्माण गरें र समाजका सुमतिका सिद्धान्तहरु प्रति पादन पनि भयो । धार्मिक, अध्यात्मिक, साँस्कृतिक, मूल्य-मान्यता परमपरागत बन्यो । नत्र सो कालमा पनि काटमार, एकअर्काको अस्तित्व नस्वीकार्ने प्रवृतिले त्राहीत्राही अवस्था थियो । झन् नारीलाई कुनै अस्तित्व नै दिदैंन थियो तात्कालीन समाजले। त्यस्तो समयमा त्रेतायुगीन नायक मर्यादा पुरुषोतम भगवान श्रीराम एवं आदर्शवादी मिथिलाकी नारी जनकदुलारी माता सीताको विवाह भयो र नारी अस्मीताले स्वीकृति पायो ।

**सीता–राम विवाहको सान्दर्भिकता**

आजभन्दा करिब सात हजार वर्ष पहिला तत्कालीन अवध (अयोध्या)का नरेश दशरथपुत्र राम एवं मिथिला नरेश शिरध्वज जनककी पुत्री सीता-जानकीबीच वैवाहिक सम्बन्ध कायम भएको थियो। सीयाकिशोरी जीको रामसंगको सो विवाहले तयार भएको सम्बन्ध सेतुले आजको आधुनिक युगमा पनि दुईदेश(नेपाल-भारत)का दुईदेशका समाजबिचको अपनत्व त्यती नै प्रगाढ छ। संस्कार, लोक-व्यवहार, सांस्कृतिक परम्परा लोकधर्म निर्वाहन यथारुप यथासम्भव हुँदै आएको छ, जो आफैमा अनौंठो तथा संसार प्रसिद्ध उदाहरणीय, अनुकरनीय र वर्णनीय छ । त्यसकारण सीयारामको विवाह विधान दरिलो र गतिलो बन्न पुंगेका छन् । प्रत्येक वर्ष विवाहपञ्चमी महोत्सव धूमधामकासाथ मिथिलानगरि जनकपुरधाममा मनाउने गरिन्छ। विवाहपञ्चमीमा आउनुहुने जोसुकै पाहुनलाई मिथिलावासीले राम झैं ठानरे त्यतीकै मान दिन्छन् । सम्मान गर्छन् भने भान यो प्रचलित मैथिली लोकगीत'मङ्गलगान'ले पनि बोध हुन्छ।

*"मङ्गलमय दिन आजु हे, सखी पाहुन छैथ आएल !*



*धन्य-धन्य जागल भाग हे, मन कमल फूलाएल !*
*गाँथल हार गेना-गुलाब हे, सीयाजी राम पहिराओल !*
*मान बढाबइ मौर-पाग हे, श्रीरामसिर साजल !"*
*धन्य-धन्य जागल भाग हे, मन कमल फूलाएल...।*

धर्मशास्त्रहरुका अनुसार मिथिला, अवध, कौशल, कुरु, कम्बोज,बज्जी, चेदी, मल्ल, आदि सम्पूर्ण राज्यमा अनिकाल परेको थियो। बारह वर्षसम्मको लामो अनिकालले गर्दा त्राही-त्राही थियो। जनतामा अनिकालबाट उन्मूक्ति कसरी पाउने.? चिन्ता थियो । पुरोहितायी-व्यवस्था, यज्ञ विधान प्रथा समाजमा थियो । जनताको स्वरलाई राजाले सुन्नेपर्ने र निकासको बाटो अपनाउनुपर्ने नीति थियो। सबैले दबाब दिए अनिकालबाट मुक्तिका लागि राजाले हलो चलाउनु पर्नेछ । शिरध्वज जनकले हलो चलाउनु भयो र हलोको 'शिरौट'/'सीत'ले भूमिको गर्भमा चीरापर्न गयो र जगदम्बा जानकी पृथ्वीबाट अवतरण भइन् । जनकले भूगर्भबाट जन्मेका बालिकालाई उठाउनु भयो र आकाशबाट झमझम वर्ष हुन थाल्यो । पछि न्वारण गर्दा बालिकाको नाम सीता राखियो । बैशाख शुक्ल नवमी तिथिका दिन सीता माताको जन्म भएको थियो । तराईका मिथिला क्षेत्रमा चैत्र-बैशाख महिनामा अत्यन्त घाम लागने वर्षा नहुने र अत्याधिक गर्मी हुने गर्छन् । त्यस्तो गर्मीयाममा सीता र रामको पनि जन्म भएको थियो। फरक यतिको मात्र

क्रमसः बाँकी पृष्ठ ५ मा



हो अयोध्या नरेश दशरथ पुत्र रामको जन्म अवध क्षेत्रको अयोध्या नगरिमा चैत्र महिनाको शुक्लपक्ष नवमी तिथिका दिन भएको थियो । भारत चेन्नैइका सोध संस्थान 'भारत ज्ञान'को रिर्पोट अनुसार ईशापूर्व ५११४ ईश्वीमा १० जनवरीका दिन रामको जन्म भएको थियो । माता सीता त्यसको केहींवर्षपछि जन्म धारण गरेकी थिइन । सीता-रामको विवाह मंसिर शुक्ल पञ्चमी तिथिका दिन भएको थियो । विवाहका बखत सीता १६ वर्ष की थिइन ।

*"छुटहिं मल कि मलहि के धोएं !*
*घृत कि पाब कोइ बाटि विलोए !*
*प्रेम भक्ति जल विनु रघुराई !*
*अभि अन्तर मल कबहुँ न जाई !" (तुलसी दास)*

जीउमा लागेको फोहर पानिले धुंदा सफा हुन्छ तर मनमा लागेको फोहर भक्तिरुपी निर्मल जलले मात्र सफा गर्न सकिन्छ । सफा गरिएन भने  गन्हाइ रहन्छ भन्ने अभिप्रायकासाथ रामायणका रचियता तुलसी दासले पानिलाई जतिसुकै ' मथदा' न्योनी-घीयु निस्कन सक्दैन् त्यस्तै भक्तिमथनी नगर्दा मनभित्रको फोहर सफा हुँदैन भनेका छन् । मन निर्मल भएन भने जीवन नीरस हुन जान्छ र प्राणि तेज-बलहीन हुन्छन् । सीया-रामको विवाह उत्सवमा सामेल मात्रले प्राणी प्रभुभक्ति गरेकोभैm दर्शन पाउँछन् । प्रभु भक्तिबाट मात्र सीया-राम भेटेको अनुभूति हुन्छ ! भन्ने तर्क सिद्धसन्त-महन्तहरुले दिने गरेका छन् ।

*"भक्ति हो न गुण सब सुख ऐ से !*
*लवन विना बहु ब्यञ्जन जै से !"*

'प्रभु सीयाराम भक्तीको सवाद जस्ले चाख्यो, बुझियो त्यस प्राणिलाई संसारका सबैथोक परिकार-वस्तु अस्वादिलो लाग्न थाल्छन् । जस्तै विना नुनको मीठो परिकारपनि स्वादहीन हुन्छ, त्यस्तै प्रकारले सीयारामको भक्ति विना जीवनमा सुख-समृद्धि सबै निरस हुन जान्छ,' भन्ने सन्देश यो श्लोकलेपनि दिन खोजेको हो । अर्थात् सीया-रामको महिमा वर्णन जनजनमा ब्याप्तरुपमा गांसिएका छन् । राम भन्दा सीता शक्तिदातृ हुन भने मान्यता मिथिला समाजमा छ । सीता हलो जस्तो चलायमान मलरुपी जड़ा उब्जाउ खेत हुन भने, राम बियुरुपी पात्र मात्र हुन भन्ने मान्यता समाजमा छ । त्यसकारण मिथिलामा हरेक नारी सीता हुन भने मान्यता छ । यस सन्दर्भमा सर्जक डा.राजेन्द्र बिमल लेखनुभएका सीता नाटकमा एउटा बडो मर्मस्पर्सी संवाद छ–

*'महिला गोरहा खेत छै, मरदाबा छिटै छै बीया !*
*तब उब्जै छै  अगहनी, हरीयर होइ हइ हिया' !*

विवाह पञ्चमी कृषक र कृषि मूल पेशासंग गांसिएको पर्व पनि हो । यसको अध्यात्मिक महत्व जे छ त्यो छदैंछ तर यसको सांस्कृतिक र लोक परम्पराको महत्व भने अटुट छ । जो संसारका अन्य कुनै संस्कृतिसंग मेल खादैन । मंसिर महिनामा तराईक्षेत्रमा हुने प्रमुख अन्नबाली धानको कटनी भइसके पछि कृषकहरु थोरै आराम गर्छन् । त्यस्पछि  बैशाखी फसलका लागि गहूँ-गोदो, तेलहन, दलहन आदिको बिउ छर्ने काममा लाग्छन् । विवाह योग्य बयस्क भएकाहरुको लागि केटा-केटी रोज्ने तथा आ आफ्ना सन्तानको विवाह गर्ने चलन पनि विवाहपञ्चमी तिथि सकेपछि पुरा हुन्छ । सीया-रामको विवाह उत्सव त्यस अर्थमा पनि महत्वपूर्ण अनुष्ठानीक पर्व भैm हुन जान्छ । विवाहपञ्चमी नहुन्जेल सम्म तराई भू-भागको खाशगरी मिथिलाक्षेत्रमा विवाह गरिदैन् । केही वर्षदेखि मिथिलानगरि जनकपुरधाममा पनि हिन्दुवादी संगठनहरुले गरीब, आर्थिकरुपमा कमजोर भएका र युगल जोडिहरुलाई एकत्र गरी विवाहपञ्चमी तिथिका दिन एउटै वेदीमा विवाह गराउने काम गरिदै आएका छन् । यसल पनि प्राचीन जनकपुरधामको मर्यादा कायम रहेको र अझै जनक, दशरथ जस्ता पिता राम-सीता जस्ता पात्र समाजमा छन् *भन्ने सन्देश दिन्छन् ।*

*हे सीया सुकुमारी जनक दुलारी !*
*दिह हुँ दर्शन,भेष बनल भिखारी !*
*जगके तारण हे दुलारी तोहर द्वारी !*
*दरश पाएब लेल हर्षित मन भारी !*
*रामजी पहुनमा देखय सकुन मनहारी  !*
*नयन निहंता भय-उत्कंठा करए चमत्कारी !*

**सीया-रामको विवाह महोत्सवको थालनी**

पांचौ शताब्दिसम्म तत्कालीन समाजमा राममत सर्वप्रीय हुन सकेको थिएन । साथै सीता-रामको उपासना तथा पुजा गर्ने पद्धति पनि बसेको थिएन । शैव मत लोकप्रीयताको उच्चस्थानमा थियो शिवकै पुजा विभिन्न रुपमा हुन्थ्या ।

ब्राह्मण धर्म उन्नत अवस्थामा थियो । बैष्णव, भागवत सम्प्रदाय अधिक लोकप्रीय हुंदै गइ रहेको थियो । बैदिक देउताहरुको लोकप्रीयतामा ह्रास आउन थालेका थिए । त्यतिबेला अवतरवादी सिद्धान्तको अवधारणा अनुसार बिष्णुलाई आशा र विश्वासको सञ्चारकर्ता, मानव कल्याण परिरक्षण एवं यापनकर्ता देउता मान्न थालेका थिए । सोही समयमा महाभारतका नायक कृष्णलाई बिष्णुको अवतारी मान्यता दिइयो । ईशाको प्रथम शताब्दिमा कृष्णलाई मानवका उद्धारक र सर्वोपरी ईश्वरीय रुपमा मान्य गरियो । तर, कृष्ण भन्दा हजारौं वर्ष पहिला जन्मेका मर्यादा पुरुषेत्तम राम एवं शक्ति स्वरुपा जानकी सीतालाई मान्य गरेका थिएनन् । साथै सीता-रामको मत-सिद्धान्त सर्वप्रीय पनि हुन सकेको थिएन । जबकी देवी र देउता दूबैको आराधना-उपासना गर्ने सिद्धान्त बैष्णव सम्प्रदायमा पनि विकसित भइ सकेको थियो ।

'कविला' रुपी समाज व्यवस्था स-साना राज्यकारुपमा परिणत भएपछि छैठो शताब्दि (६०६-६४७ई.)मा मिथिलाक्षेत्र तात्कालीन कन्नैज सम्राट 'हर्ष बर्द्धन' अधिन हुँदा बिदेशी आक्रान्ताहरु आक्रमण गर्न थाले । सो समयमा बौद्धधर्म उत्कर्षमा पुगेको थियो । हर्षवर्द्धनको मृत्युपछि सर्वकालिक बौद्धधर्म पतनतर्फ जान थाल्यो । ब्राह्मण पुरोहितहरुको वर्चश्व हरेक समाजमा बढ्न थाल्यो । उनीहरु आफ्नो प्राचीन ब्राह्मण धर्मको प्रभुत्व पुन: कायम गर्न लागे । सोही क्रममा अवतारवादको सिद्धान्त प्रतिपादन भयो र तपश्वी, योगीहरुको अनेकौं केन्द्र स्थापित भयो । राम, कृष्ण, गौतमबुद्ध समेत बिष्णुको अवतारवादी देउताको रुपमा कायम भयो । सोही अनुसारको दर्शनशास्त्रका अनेकौं मतहरुलाई समाजमा स्थापित गर्न झूण्डका झूण्ड तपश्वी, योगीहरु विभिन्न नगर, प्रान्तहरुमा पैदल हिडेर प्रचार-प्रसार गर्न थालेपछि भगवान राम-सीता आदिको जन्मोत्सव, विवाह उत्सवहरु मनाउने परम्पराको थालनी भएको मानिन्छ ।

नेपालमा सीताराम विवाह उत्सव 'विवाहपञ्चमी' मनाउने चलनको सम्बन्ध छ त्यो थेरैपछि पन्ध्रौं शताब्दिको समयमा आएर विकसित भएको हो । नेपालमा पांचौ शताब्दिताको आरम्भमा लिच्छवी राजाहरुको पालामा रामजन्मोत्सव मनाउने श्रीगणेश भएको थियो । तर, विवाहपञ्चमी मनाउने चलन थिएन । नेपालमा शासन-सत्ता सञ्चालन गरेपछि लिच्छवीहरुले राम मात्रको होइन, विक्रम सम्वत् ५२१ देखि ५६२ सालसम्म शासन गरेका लिच्छवी राजा मानदेव नागराज 'बासुकी'कोपनि पुजन पद्धतिको विकास तात्कालीन नेपाल उपत्यकामा आरम्भ गराएका थिए । लिच्छवीहरु भगवान रामका पिता दशरथका आठौं पुस्ताका बंशज थिए । उनीहरु बैशाली(वर्तमान भारतको मुजफ्फरपुर शहर नजिक रहेको बसाढ गाउँ)मा गणतान्त्रिक शासन व्यवस्था युक्त राज्य सञ्चालन गरेका थिए । सम्राट अशोकका पुत्र मौर्य सम्राट आजात शत्रुसंगको युद्धमा पराजय पछि लिच्छवीहरु त्यँहांबाट भागेर नेपाल उपत्यका प्रवेश गरेका थिए । त्यसै बेलादेखी रामको जन्मोत्सव मनाउने थालनी गरेका थिए ।

बाह्रौ शताब्दिमा दक्षिण भारतका शंकराचार्यका बेदान्त दर्शनका प्रतिपालनकर्ता बिष्णुभक्त रामानुजाचार्यले 'श्री सम्प्रदाय' तथा माधवाचार्यले 'बैष्णवधर्म सम्प्रदाय' तेह्रौ शताव्दीमा स्थापना गरें । प्रसिद्ध बेदान्ती रामानुजाचार्यका शिष्य 'यामुनाचार्य' भक्ति प्रचारको जिम्मा लिएका थिए । आफ्ना गुरुको वचन अनुसार उनले प्रचार-प्रसारका लागि मिथिला क्षेत्रका सन्त महन्थहरु समेतलाई प्रभावमा ल्याए ।

दक्षिण भारतको मद्रास, हालको चेन्नैइमा १०६० ईश्वीमा 'रामानुजाचार्य'को जन्म भयो । त्यस्तै बैष्णव धर्मोपदेशक 'रामानन्दाचार्य'को पन्द्रऔं शताब्दिमा बैष्णवधर्म प्रचारकालागि मिथिलाधाम जनकपुरधाम तिर आए । उनले रामभक्तिका उपदेश दिएर तात्कालीन समाजलाई जागृत गरें । त्यसपछि रामको गुणगान हुन थाल्यो र

मिथिलामा सीतारामको जन्मोत्सव, विवाह उत्सव मनाउने सुरुवात भएको थियो । जनकपुरधामको रामानन्दचोकमा अवस्थित रामानन्द स्वामीका आश्रम, विशाल प्रवेशद्वार माथि 'रामानन्दाचार्यको प्रतिमा र चौकको नाम त्यसकै प्रतिक स्वरुपमा विद्यमान छ ।

मिथिलाक्षेत्र र जनकपुरधामको सन्त समाजमा उल्लेखित त्यँही दुई सन्त रामानुजाचार्य तथा रामानन्दाचार्यका सिद्धान्त मान्नेहरु छन् । त्यस मध्येबाट रामानन्दाचार्यको दर्शन र सिद्धान्तमा हिड्ने सन्त-महन्थहरु सार्वाधिक छन् ।

धर्मग्रन्थ अनुसार सीता-रामको प्रेममय वातालाप पछि धनुषयज्ञ आयोजनको माध्यमबाट स्वयंवर छानिने प्रकृया राजाजनकले अपनाउंदा विशेष स्थानको खोजी भयो । शिवधनुष उठाउने शर्तकालागि 'धनुषयज्ञ' अनुष्ठान हेतु वर्तमान जनकपुरधामको वडा नं.१९ शिबपुर सुनिश्चित गरियो । सो स्थानमा अहिलेपनि ५२ बिघाक्षेत्रफलमा खाली नै छ । शिवपुर स्थित सोही ठाउँमा जनक दरवार बनाउने चर्चा चलिरहेको छ । " सीया-राम उपासक जे जग जाहीं " !

*"धनुरभङ्ग रहा विवाह चाप अधिना,*
*सीय जयमाला उर उर मेला" !*

अर्थात् धनुष खण्डित भएपछि माल्यापर्ण भयो र लौकिक कूलाचार अनुसार विवाह भयो । त्यसपछि पावण परिणयोत्सवको यशोगान आरम्भ भयो । ऋषि-महर्षि, नगरका भद्र-प्रतिष्ठित हर्षबढाई गरें एवं सर्वजन हितैसी नर-नारी जयजयकार लगाएका थिए । अवध र मिथिलाको भौगोलिक सम्बन्ध सेतु निर्माण भयो । सोही समयमा कायम भएको सम्बन्ध सेतुको आधारमा आजपनि दूबैदेशका नागरीकबीचको सम्बन्ध दरिलो छ । प्रत्येक पाँचवर्ष सो सम्बन्धको नविकरणपनि विवाहपञ्चमीकै अवरमा हुने गर्छन् ।

**पाँचवर्षमा जन्ती आउने**

मंसिर शुक्लपक्ष पञ्चमी तिथिमा सीता-राम विवाह भएको थियो । राम तथा सीताको विवाह एउटा सेतु हो जहाँ जीवनरुपी रथ चल्दै आएको छ । सोको प्रमाणिक आधार विवाह पञ्चमी तिथिमा प्रत्येक पाँच वर्षमा भारत अयोध्याबाट गाजा-बाजा,लावालश्कर साथ हजारौं सन्त-महन्थ, साध-साध्वी, सर्वसाधारण नरनारीहरु आउँने गर्छन । त्यस अवसरको विवाह उत्सव साँचीकै महाउत्सव हुन्छ । त्रेतायुगमा गायीएका गीत अहिले पनि गुञ्जयमान हुन्छन्
अबध नगरिया से चललै बरिअतीया,

*जनक नगरिया भेलै शोर, हे सुहावन लागे !*
*सब देवतन मीलि चललनि,*
*बजबा बजै घनघोर, हे सुहावन लागे !*
*सखी रोशनी स' भेल इजोर,*
*सुफल मनोरथ भेल मोर, हे सुहावन लागे !*

अयोध्याबाट जनकपुरधाम जन्ती आइपुग्न  दुईहप्ताको समय लाग्छ । सात दिनको समय भारतीय क्षेत्रमा तथा पाँचदिन जनकपुरधामको वैवाहिक विधिविधान र बसाईमा र जन्ती फर्केर जाँदा दुई-तिनदिनको समय लाग्छ । जन्ती नेपाल प्रवेश गर्दा महोत्तरीको मटिहानीमा स्वागत सम्मान र भोजन जलपान ग्रहण गराइन्छ । सोको प्रबन्ध लक्ष्मीनारायण मठ मटिहानीले गर्दै आएको छ । त्यहांबाट सुगा, जलेश्वर, पीपरा, सहोरवा,बिन्धी बेला हुँदै जन्ती जनकपुरधाममा प्रवेश गर्छन् । प्रवेशगर्दै जन्तीसहित सीतारामका अनुयायीहरु पहिला नगरपरिक्रमा गर्छन । त्यसपछि विवाह उत्सवको सान्दर्भिक कार्यमा बेलुकी देखि सहभागी भइ आनन्दलाभ लिन्छन् । त्रेतायुग पछि  दशकौं देखि क्रमभङ्ग भइ बन्द रहेको विवाह पञ्चमी-यात्रा २०५५सालमा तात्कालीन नगरप्रमुख बजरङ्गप्रसाद साहको पालादेखि अयोध्याबाट जन्ती आउँने शुरुवात भएको थियो ।

*गुरु बशिष्ठ अरु दशरथ भूपा !*
*वारणहि जनक प्रबन्ध अनुपा !!*
*देखि बरात सकल मग-मिथलाबासी !*
*होहिं सुखी फल लोचन पासी !!*
*चलैत बराति सुरतहिं सपा !*
*प्रजा कष्ट नहिं दिखेहुँ सुपासा !!*

रघुकूल एवं मिथिलावासीलाई गौवान्वित गर्ने सीताराम विवाह उत्सवमा गुरु बशिष्ठ, महाराजा दशरथ,सहितका जन्तीहरु आएका थिए र राजा जनकको खान-पान, आवास, यातायात आदि समेको प्रबन्ध अनुपम एवं उदारहणीय थियो । जन्ती दर्शन र रामरुप नियालदै दिनै बित्ने तर नयन थकित नहुने सन्देश भाव उक्त गीतले ब्यक्त गरेको छ । पाँचवर्षमा आउने जन्तीको त्यसरी नै व्यवस्थापन  र आदर मान सम्मानमा धनुषा महोत्तरीका नागरीकहरु मन चित्तले लागेका हुन्छन् । त्यसकारण विवाह महोत्सव जनकपुरधामको प्रमुख श्रद्धा र निष्ठाका चाड भैm उत्सवी महौल हुन्छ ।

रामायणको रचना तथा सीता-राम मतको स्वीकार्यता

भारत,गोरखपुर गीताप्रेसबाट प्रकाशीत 'रामचरित्र मानस' नामक रामायणको रचना गोस्वामी तुलसी दासले गरेका थिए । रामायणका सम्पादक हनुमान प्रसाद पोद्दारको दाबी अनुसार २ वर्ष ७ महिना २६ दिनको समय लगाएर  सन्त तुलसी दासले रामायण रचना गरेका थिए । उनका अनुसार तुलसी दास अयोध्यामा  १५७४ ईश्वी(१६३१ साल) रामनवमी तिथिदेखि लेखन आरम्भ गरेका थिए र १५७६ ईश्वी मंसिर शुक्लपक्ष विवाहपञ्चमी तिथिमा लेखन कार्य पुरा गरी सार्वजनिक गरिएको थियो । केही विद्वानहरुले रामायणको रचना १५२३ देखि १६२८ ईश्वीमा भएको पनि दाबी गरेका छन् ।

यता बाल्मिकीकृत 'रामायण'को रचना तत्कालीन भारतवर्ष अन्तर्गत मगध साम्राज्याधिन ईशापूर्व १८७-७५ समयको अवधिमा शुंगवंशको शासनकालमा भएको थियो । शुंग वंशका संस्थापक पुष्यमित्र शुंगले डाकु रत्नाकरलाई बाल्मिकीको नामबाट 'रामायण' लेख्न लगाएका थिए । भन्ने तार्किक कुरा 'भारतीय सभ्यता तथा संस्कृतियों का विकास' नामक ग्रन्थमा बी.एन.लूणियाले लेखेका छन् । तर, प्रकाशनको रुपमा संसार समक्ष सर्वप्रथम रामायण सन् १९१२मा आएको हो ।

**विवाहपञ्मीका मुख्य आकर्षण**

सात हजार एक सय उन्नतालिस वर्ष पहिला त्रेतायुगमा भएको सीताराम विवाह उत्सवको झझल्को दिन हरेक वर्ष मिथिलानगरि जनकपुरधामा जानकी मन्दिरले विशेष बैवाहिक उत्सव आयोजन गर्दै आएको छ। गत विगत जस्तै यसवर्षपनि आठ दिवसीय सीताराम विवाह महामहोत्सवको आयोजन गरिएको छ ।

पहिलो दिनको कार्यक्रम अन्तर्गत नगर दर्शन गराउने चलन अनुरुप राम-लक्ष्मणका प्रतिकरुपमा दुईपात्रलाई दुलहा झौ सजाएर पालकीमा चढाएर नगर भ्रमण गराउने काम हुन्छ । यस अवरमा स्वागत गान गाउने कार्यक्रम पुरा हुन्छ । मानिसहरु टाडाडाटाबाट आएर सहभागी भएका हुन्छन् । यस समयमा माथि उल्लेखित मङ्गलगान 'मङ्गलमय दिन आजु हे, सखी पाहुन छैथ आएल !' गायीने चलनछ ।

दोश्रो दिनको कार्यक्रम अन्तर्गत सीतारामको पहिलो भेंट भएको प्रसंगलाई जीवन्तता दिनकालागि फूलवारी लीलाको आयोजन हुन्छ । यो कार्य जानकी मन्दिर संगैको विवाह मण्डपमा गरिन्छ । जानकी मन्दिर पछाडि रहेका पुरानो फूलवारी बगैचा स्वयं जानकी मन्दिरका रक्षकहरुले नै विगारी  दिएपछि तथा प्रचीन मणिमण्डप ४ किलोमीटर टाढा रहेकाले विधि विधान पुरा गर्न मन्दिर संगैको विवाहमण्डपकै फूलवारीमा पछिल्लो तीन दशकदेखि फूलवारी लीला हुंदै आएको छ । जहाँ सीता रामको प्रेम प्रसंगका कुरा झल्काउने, लक्ष्मणसंगको विभिन्न हासपरिहासका प्रसंगहरु प्रस्तुत गरिन्छ ।

तेश्रो दिनको कार्यक्रम अन्तर्गत धनुषयज्ञ आयोजन हुन्छ । शिवधनुष रामरुपि पात्रले भांचिएपछि स्वयंवर रचाउने काम सीतारुपी कन्याद्वारा हुन्छ । राम सीताको तर्फबाट प्रतिनिधित्व गर्ने जानकी मन्दिरका महन्थ रामतपेश्वर दास बैष्णव, उत्तराधिकारी रामरोशन दास, राममन्दिरका महन्थ राम गिरी, मटिहानी स्थानका मान महन्थ जग्गरनाथ दास बैष्णव सहित देशी विदेशी साधुसन्त महन्थ र पाहुनाहरु हुन्छन् । यसमा रामको वीरताको चर्चा हुन्छ साथै युद्धकला र युद्ध साधनाका कुराहरुपनि सम्माहित हुन्छन् ।



चौथो दिनको कार्यक्रम अन्तर्गत राम र सीताको तर्फबाट प्रतिनिधित्व गरेका सन्त महन्थहरुले दुलहा भगवान राम र दुलहीन रुपी सीताको तिलकोत्सव हुन्छ । सम्धी मीलनको कार्यक्रम हुन्छ । विशेषरुपमा हेर्न लायक रोचक प्रसंगहरुले भरिएको चित्रण हुन्छ ।

पाँचौ दिनमा  सीताजीको मटकोर विधिको कार्यक्रम मैथिली परम्परा अनुसार जनकपुरधामका पवित्र सरोवर गङ्गासागरमा गरिन्छ । यस दिनको कार्यक्रममा विशेषत: महिला विधकरीहरुकै सहभागिता बढि हुन्छ । विभिन्न गीतहरुको गायन गर्दै मटकोर विधि पुरा गरिन्छ ।

छैठौं दिनको कार्यक्रम अन्तर्गत रङ्गभूमि मैदानमा भव्य जनसागरबीच सीतारामको डोलाको मालाफेर विधि हुन्छ । सोकोलागि विहानै झांकीहरु तयार गरेर घण्टौं नगरपरिक्रमा गरिन्छ । साँझदेखि जानकी मन्दिर परिसरमा विशेष प्रकारका वेदी मण्डपमा सीता रामको वैवाहिक सबैविधि-परम्परागत लोक व्यवहार पुरा हुन्छ । योनै विवाह पञ्चमीको मुख्य आकर्षण हो ।

सातौं दिनमा सीतारामको 'कोहवर' प्रसंगको झलकहरु प्रस्तु गरिन्छ अर्थात् सुहागरात मनाउने कामकलाको विधान दर्शाउने विधिको दर्शन पुजन हुन्छ । यो पनि जानकीमन्दिर भित्रै हुन्छ ।

आठौ दिनमा 'रामकलेवा' भनेर जनक दुलारी सीताको चतुर्थीको 'भार' राममन्दिरबाट पुऱ्याइन्छ । सीतारामका अनुयायीहरुबीच त्यो प्रसाद वितरण गरि जयजयकार लगाइन्छ । भोली पलट छोरी विदाई गरेझैं सीतारामका झांकीहरु सहितक जन्तीलाई विदाह गरिन्छ । र, सहभागीहरु जय सीयाम जयजय सीयारामको मन्ज्ञोध्वनी सहित जनकपुरधामाट विदाह हुन्छन । यसरी विवाह पञ्चमी उत्सवको समापन हुन्छ ।



सप्तरीको राजविराज नगरपालिका-५ स्थित पञ्चमुखी बजरंगबली मन्दिरमा मूर्ति स्थापनाका लागी राजविराजमा निकालिएको कलश यात्रा ।

*तस्वीर : नानीमैया कटवाल, रासस*

# प्रतिनिधीसभाको प्रत्यक्षतर्फ कांग्रेस अगाडि




काठमाडौँ, १० मङ्सिर

प्रतिनिधिसभाको प्रत्यक्षतर्फका कूल एक सय ६५ निर्वाचन क्षेत्रमध्ये हालसम्म एक सय १८ स्थानमा अन्तिम मतपरिणाम सार्वजनिक भएको छ। निर्वाचन आयोगका अनुसार प्रत्यक्षतर्फ कांग्रेस पहिलो, नेकपा (एमाले) दोस्रो र नेकपा (माओवादी केन्द्र) तेस्रो स्थानमा छन् । हालसम्म नेपाली कांग्रेस ३९ स्थानमा विजयी भएको छ । एमाले ३२, माओवादी केन्द्र १३, एकीकृत समाजवादी सात, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी पाँच/पाँच, लोकतान्त्रिक समाजवादी पार्टी चार, राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी एक/एक तथा पाँच स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । आयोगका अनुसार जारी मतगणनामा कांग्रेस १५, एमाले ११, माओवादी केन्द्र पाँच, एकीकृत समाजवादी र राष्ट्रिय स्वतन्त्र पार्टी तीन/तीन, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टी दुई/दुई, जनता समाजवादी पार्टी एक स्थानमा अगाडि छन् । दोलखा, स्याङ्जा र बाजुराका तीन क्षेत्रमा मतगणना हुन सकेको छैन । प्रदेशसभाको प्रत्यक्षतर्फ कांग्रेस चार, एमाले दुई र माओवादी केन्द्र एक प्रदेशमा अगाडि छन् । बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा कांग्रेस अगाडि छ। प्रदेश नं १ र मधेसमा एमाले तथा सुदूरपश्चिम प्रदेशमा माओवादी केन्द्र अगाडि छ । प्रदेश नं १ मा एमाले १८, कांग्रेस ११, माओवादी केन्द्र छ, राष्ट्रिय प्रजातन्त्र पार्टी दुई स्थानमा विजयी भएका छन् । मधेसमा एमाले १२, कांग्रेस १२, जसपा आठ, लोसपा सात, जनमत पार्टी छ, माओवादी चार र स्वतन्त्र छ स्थानमा विजयी भएका छन् । बागमतीमा कांग्रेस १८, एमाले नौ, माओवादी सात, राप्रपा पाँच, एकीकृत समाजवादी चार, नेपाल मजदुर किसान पार्टी र हाम्रो नेपाली पार्टी एक/एक स्थानमा विजयी भएका छन् । गण्डकीमा कांग्रेस १४, एमाले १२, माओवादी केन्द्र तीन र एकीकृत समाजवादी एक, लुम्बिनीमा कांग्रेस १४, एमाले १२, माओवादी चार, जसपा, नागरिक उन्मुक्ति पार्टी र लोसपा दुई/दुई, राप्रपा र जनमत पार्टी एक/एक तथा स्वतन्त्र तीन स्थानमा विजयी भएका छन् । कर्णाली प्रदेशमा कांग्रेस र माओवादी छ/छ, एमाले दुई र स्वतन्त्र उम्मेवार एक तथा सुदूरपश्चिम प्रदेशमा माओवादी सात, कांग्रेस छ, नागरिक उन्मुक्ति पार्टी र एमाले दुई/दुई तथा स्वतन्त्र उम्मेदवार एक स्थानमा विजयी भएका छन् ।रासस

# मधेश प्रदेशमा प्रतिनिधिसभाका चार स्थानको नतिजा आउन बांकी, कहां को अगाडि ?

जनकपुरधाम, १० मङ्सिर

मधेश प्रदेशमा आठ जिल्लाका ३२ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये अब चार स्थानको नतिजा आउन बाँकी छ । अहिलेसम्म २८ स्थानको नतिजा सार्वजनिक भएको छ । नतिजा आउन बाँकी चार स्थानमध्ये एक स्थानमा नेपाली कांग्रेस, दुई स्थानमा माओवादी केन्द्र र एक स्थानमा जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवार अगाडि छन् ।

निर्वाचन आयोगले अहिलेसम्म सार्वजनिक गरेको परिणामअनुसार नेकपा (एमाले) र नेपाली कांग्रेसले सात/सात स्थानमा जितेको छ । जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवार पाँच क्षेत्रमा निर्वाचित भएका छन् । अहिलेसम्म कुनै पनि स्थानमा जित निकाल्न नसकेको माओवादी केन्द्रका उम्मेदवार दुई स्थानमा अगाडि छन् । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले तीन, स्वतन्त्रले तीन, एकीकृत समाजवादीले दुई र जनमत पार्टीले एक स्थानमा जित निकालेको छ ।


एमालेका सात उम्मेदवार क्रमशः सिरहा क्षेत्र नं १ मा रामसंकर यादव, धनुषा ३ मा जुली महतो (महासेठ), सर्लाही ३ मा हरिप्रसाद उप्रेती, बारा १ मा अच्युतप्रसाद मैनाली, पर्सा ३ मा राजकुमार गुप्ता, सिरहा निर्वाचन क्षेत्र नं ३ मा लिलानाथ श्रेष्ठ र बारा निर्वाचन क्षेत्र नं ३ मा ज्वालाकुमारी साह निर्वाचित भएका हुन ।

त्यसैगरी नेपाली कांग्रेसका उम्मेदवार विभिन्न जिल्लाका सात स्थानमा निर्वाचित भएका छन् भने परिणाम आउन बाँकी एक स्थानमा अगाडि छ । अहिलेसम्म निर्वाचित हुने कांग्रेस उम्मेदवारमा सप्तरी क्षेत्र नं ३ मा दिनेशकुमार यादव, धनुषा क्षेत्र नं २ मा रामकृष्ण यादव, रौतहट ४ मा देवप्रसाद तिमलसेना, पर्सा २ मा अजयकुमार चौरसिया, पर्सा ४ मा रमेश रिजाल, सप्तरी ४ मा तेजुलाल चौधरी र महोत्तरी ४ मा महेन्द्रकुमार राय छन । धनुषा ४ मा सहमहामन्त्री महेन्द्र यादव अगाडि छन । जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवार पाँच स्थानमा निर्वाचित भएका छन् भने एक स्थानमा अगाडि छन् । जसपाबाट सप्तरी १ मा नबलकिशोर साह, सिरहा ४ मा वीरेन्द्रप्रसाद महतो, पर्सा १ मा प्रदीप यादव, बारा-२ मा रामसहायप्रसाद यादव र सिरहा-२ मा राजकिशोर यादव निर्वाचित भएका हुन । धनुषा निर्वाचन क्षेत्र नं १ मा जसपा उम्मेदवार दीपक कार्कीले अग्रता कायम गरेका छन । यहाँ माओवादी केन्द्रका उपमहासचिव मातृका यादव सुरुदेखि नै पछाडि छन । माओवादी केन्द्रका कुनै पनि उम्मेदवारले अहिलेसम्म जित निकालेका छैनन् तर दुई क्षेत्रमा माओवादी केन्द्रका उम्मेदवार अगाडि छन् ।

सर्लाही निर्वाचन क्षेत्र नं २ मा महेन्द्र राय यादव र महोत्तरी निर्वाचन क्षेत्र नं १ मा गिरिराजमणि पोखरेल अगाडि छन ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का उम्मेदवार तीन क्षेत्रमा निर्वाचित हुनुभएको छ । महोत्तरी-२ मा शरदसिंह भण्डारी, सर्लाही-१ मा रामप्रकाश चौधरी र महोत्तरी निर्वाचन क्षेत्र नं ३ मा पार्टीका केन्द्रीय अध्यक्ष महन्थ ठाकुर निर्वाचित भएका हुन । त्यसैगरी नेकपा (एकीकृत समाजवादी) का दुई उम्मेदवार निर्वाचित भएका छन । सो पार्टीका अध्यक्ष माधवकुमार नेपाल रौतहट निर्वाचन क्षेत्र नं १ र कृष्णकुमार श्रेष्ठ बारा निर्वाचन क्षेत्र नं ४ बाट निर्वाचित भएका हुन । जनमत पार्टीले पनि एक स्थानमा जित निकालेको छ । पार्टी अध्यक्ष डा सिके राउत सप्तरी निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको छ । त्यसैगरी तीन क्षेत्रमा स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन । निर्वाचित हुनेमा सर्लाही निर्वाचन क्षेत्र नं ४ मा अमरेशकुमार सिंह, रौतहट निर्वाचन क्षेत्र नं २ मा किरण कुमार साह र रौतहट निर्वाचन क्षेत्र नं ३ मा प्रभु साह रहेका छन । निर्वाचन आयोगको तथ्याङ्कअनुसार मधेश प्रदेशका आठ जिल्लामा प्रतिनिधिसभातर्फको ३२ सिटका लागि विभिन्न दलका दुई सय ९३ र स्वतन्त्र दुई ९७ गरी पाँच सय ९० उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । रासस

# एमालेले समानुपातिकतर्फ १८ लाख मत कटायो, कांग्रेस दोस्रो



काठमाडौँ, १० मङ्सिर

प्रतिनिधिसभा र प्रदेशसभातर्फको समानुपातिकको मतगणना जारी छ । प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले)ले सुरुआतदेखि नै अग्रता कायम गरिररहेको छ । यद्यपि, प्रतिनिधिसभाको प्रत्यक्षतर्फ नेपाली कांग्रेस अगाडि छ । निर्वाचन आयोगको तथ्याङ्क अनुसार बिहान १०:३० सम्म एमालेले १८ लाख नौ हजार चार सय १७ मत प्राप्त गरेको छ। कांग्रेसले १७ लाख ४४ हजार ६९ मत, राष्ट्रिय स्वतन्त्र पार्टीले सात लाख ८७ हजार सात सय ४७, नेकपा (माओवादी केन्द्र)ले सात लाख ६७ हजार तीन सय छ मत प्राप्त गरेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले चार लाख तीन हजार ७९, जनता समाजवादी पार्टीले दुई लाख १६ हजार नौ सय ४३, नेकपा (एकीकृत समाजवादी)ले एक लाख ६४ हजार आठ सय ५६, नागरिक उन्मुक्ति पार्टीले एक लाख ५६ हजार पाँच सय ८२ र जनमत पार्टीले एक लाख ४८ हजार चार सय चार मत प्राप्त गरेको छ ।

प्रदेश नं १ को प्रदेशसभातर्फ पनि एमाले अगाडि देखिएको छ । एमालेले तीन लाख पाँच हजार चार सय आठ मत प्राप्त गरेको छ । कांग्रेसले दुई लाख ७० हजार नौ सय ५७, राष्ट्रिय प्रजातन्त्र पार्टीले ९६ हजार छ सय चार, माओवादी केन्द्रले ८६ हजार दुई सय ७५, जनता समाजवादी पार्टीले ३९ हजार २५ र एकीकृत समाजवादीले २४ हजार ५० मत प्राप्त गरेको छ ।


मधेस प्रदेशमा भने नेपाली कांग्रेस अगाडि छ । मधेसमा कांग्रेसले एक लाख ४२ हजार तीन सय २४ मत पाउँदा एमालेले एक लाख १४ हजार सात सय ७५, जसपा नेपालले ९९ हजार ५६, जनमत पार्टीले ७७ हजार पाँच सय एक, माओवादी केन्द्रले ५१ हजार एक सय ६०, लोसपाले ३८ हजार ४७ र एकीकृत समाजवादीले ३३ हजार एक सय १८ मत प्राप्त गरेको छ । बागमती प्रदेशसभामा एमाले तीन लाख एक सय ६४ मतसहित अगाडि छ। कांग्रेसले दुई लाख ६२ हजार पाँच सय ४४, राप्रपाले एक लाख ५८ हजार २२, माओवादी केन्द्रले एक लाख ४२ हजार एक सय १८, नेपाल मजदुर किसान पार्टीले ५९ हजार पाँच सय ६८ मत प्राप्त गरेको छ । गण्डकी प्रदेशसभामा एमालले दुई लाख ९१ हजार एक सय पाँच मत पाएको छ ।

कांग्रेसले दुई लाख ६८ हजार आठ सय ८०, माओवादी केन्द्रले एक लाख सात हजार छ सय ५६ र राप्रपाले ५१ हजार आठ मत प्राप्त गरेको छ ।

लुम्बिनी प्रदेशसभामा एमालेले तीन लाख ८३ हजार सात सय ८९, कांग्रेसले तीन लाख ४६ हजार सात सय आठ, माओवादी केन्द्रले एक लाख ३५ हजार नौ सय चार, राप्रपाले ८३ हजार आठ सय ९३, नागरिक उन्मुक्ति पार्टीले ५० हजार एक सय ४३ र जनता समाजवादी पार्टीले ५० हजार ९० मत पाएका छन् । कर्णालीमा माओवादी केन्द्र अगाडि छ ।

माओवादीले ८४ हजार दुई सय ९५ मत पाउँदा एमालेले ८३ हजार नौ सय ४९, कांग्रेसले ६६ हजार नौ सय ११, एकीकृत समाजवादीले १९ हजार नौ सय १५ मत प्राप्त गरेको छ । सुदूरपश्चिम प्रदेशसभामा एमालेले एक लाख ९० हजार पाँच सय ७७, कांग्रेसले एक लाख ७९ हजार सात सय २२, माओवादी केन्द्रले ८५ हजार दुई सय ४७, नागरिक उन्मुक्ति पार्टीले ५२ हजार छ सय पाँच र एकीकृत समाजवादीले ३३ हजार तीन सय ७५ मत प्राप्त गरेको छ । रासस

# सप्तरीबाट प्रतिनिधिसभामा दुई कांग्रेस, एक/एक स्थानमा जनमत र जसपा




राजविराज, १० मङ्सिर

चार निर्वाचन क्षेत्र रहेको सप्तरीबाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसले दुई, जनमत र जसपा पार्टीले एक/एक सिट जितेका छन । जिल्ला निर्वाचन कार्यालयका अनुसार सप्तरी क्षेत्र नं ४ बाट नेपाली कांग्रेसका तेजुलाल चौधरी तेस्रो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन । उनले २३ हजार चार सय ९१ मत प्राप्त गरी तेस्रो पटक प्रतिनिधिसभा सदस्यमा विजयी भएको निर्वाचन अधिकृत विश्वबन्धु पौडेलले जानकारी दिए । उनका निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टीका बालकिशोर यादवले १७ हजार नौ सय ७७ मत प्राप्त गरेका छन। कांग्रेसका चौधरीले २०७४ सालको निर्वाचनमा यही क्षेत्रबाट निर्वाचित भएका थिए । तत्कालीन राजपाका मृगेन्द्रसिंह यादवलाई पराजित गर्दै २४ हजार एक सय १३ मत प्राप्त गरी उनी विजयी भएका थिए । यसअघि उनी २०७० सालमा संविधानसभा सदस्यमा निर्वाचित भएका थिए । क्षेत्र नं ३ को प्रतिनिधिसभा पदमा नेपाली कांग्रेसकै उमेदवार दिनेशकुमार यादव २६ हजार एक सय ६६ मत ल्याएर निर्वाचित भएका छन । उनका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का ताराकान्त चौधरीले २२ हजार तीन सय मत ल्याएका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । सप्तरी-२ बाट जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई पराजित गर्दै प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवारी दिएका जनमत पार्टीका अध्यक्ष डा सिके राउत विजयी भएका छन । जनमत पार्टीका अध्यक्ष राउतले ३५ हजार ४२ मत ल्याएर विजयी भएका हुन । उनका निकटतम प्रतिद्वन्द्वी जसपाका अध्यक्ष यादवले १६ हजार नौ सय ७९ मत प्राप्त गरे । जसपा अध्यक्ष यादवको भन्दा राउतले १८ हजार ६३ मत बढी ल्याएर विजयी हुनुभएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । त्यस्तै जनता समाजवादी पार्टी (जसपा) नेपालका उम्मेदवार नवलकिशोर साह सप्तरी क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित हुनुभएको छ । जसपाका साहले २३ हजार पाँच सय ६४ मत प्राप्त गरी निर्वाचित भएको हो ।

उनका निकटतम प्रतिद्वन्द्वी जनमत पार्टीका जयकान्त राउतले १९ हजार नौ सय ९२ मत प्राप्त गरे । सप्तरीमा आठवटा प्रदेशसभा सदस्य सिट रहेकोमा यसको पनि मतगणना सकिएको छ । अन्तिम मतपरिणामअनुसार प्रदेशसभा १ को (१) मा एमालेका राजकुमार लेखी र (२) मा जनमतका सकिल मियाँ, प्रदेशसभा २ को (१) मा जनमतका सतिशकुमार सिंह र (२) मा जनमतकै महेशप्रसाद यादव निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख रमेशकुमार जोशीले जानकारी दिए । यस्तै प्रदेशसभा ३ को (१)मा कांग्रेसका मोहम्मद समिम र (२) मा जनमतका शम्भुकुमार साह तथा प्रदेशसभा ४ को (१) मा एकीकृत समाजवादीका गोविन्द न्यौपाने र २ मा स्वतन्त्र उम्मेदवार अनिरुद्धप्रसाद सिंह निर्वाचित भएका हुन । सप्तरी निर्वाचन क्षेत्र नं १ मा एक लाख १३ हजर नौ सय ९५ मतदाता रहेकोमा ७४ हजार ५५३ मत खसेको थियो । सप्तरी क्षेत्र नं २ मा भने ९५ हजार तीन सय ९४ मध्ये ६४ हजार दुई ७७ मत खसेको छ र सप्तरी क्षेत्र नं ३ मा एक लाख चार हजार आठ सय ९२ मतदाता रहे पनि ७१ हजार तीन सय ३१ मत खसेको जिल्ला निर्वाचन कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ। यस्तै सप्तरी क्षेत्र नं ४ मा भने एक लाख चार हजार आठ सय ९३ मतदाता रहेको भए पनि यस क्षेत्रमा ६९ हजार ३९ मत खसेको थियो ।रासस




महिला र नारीवादी समूहका सदस्यहरू नोभेम्बर २५, २०२२ मा बोगोटामा महिला विरुद्ध हिंसा उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवस मनाउनको लागि एक प्रदर्शनमा भाग लिइरहेका छन् । (फोटो एन्ड्रिया एरिजा / एएफपी)

# नेपालले किन माया गर्छ आर्जेन्टीनालाई?



आर्जेन्टीनाका प्रशंसक नेपालसहित दक्षिण एशियामा नै छन् । हैट् टेलिभिजनको महत्त्व त त्यतिबेला पो थियो त । विषय खोतल्नासाथ मख्खनका ५५ वर्षिय अम्बर स्थापित रोमाञ्चित हुन्छन् । स्थापितको शान १९८६ को विश्वकप ताका आयोजक बराबर थियो। टेलिभिजन भएको घरका मालिक जो थिए उनी । उनी सम्झिन्छन् - पानासोनिक टिभी थियो। घरमा सबै साथीभाइ छिमेकीहरू जम्मा हुन्थे। रातिको फुटबलको अर्कै मज्जा । एउटा खेल र अर्को खेल बिचको समयमा खेलको समिक्षा हुने। बेग्लै थियो नी त्यतिबेलाको माहोल। बिर्सिनै नसकिने । हो, त्यही नै बेला हो थुप्रैले आर्जेन्टीना र म्याराडोनाको नाम पहिलो पटक सुनेको र देखेको । अनि त्यही नै बेला हो म्याराडोनाले जादूमयी प्रदर्शन गरेको, हातले गोल हानेको, फुटबल इतिहासकै उत्कृष्ट गोल गरेको र विश्वकप उपाधि नै जितेको । नेपाली समर्थकहरूको मनमा म्याराडोनाको प्रदर्शनको त्यो छाप यति भित्रसम्म गढ्यो की आर्जेन्टीनाको त्यो समर्थन यात्रा अहिलेसम्म जारी छ । वास्तवमै १९८६ को विश्वकप फुटबलले नेपाली समर्थकहरूमा अन्तर्राष्ट्रिय फुटबल प्रतिको चाह असाध्य नै बढाइदिएको हो । संयोग के पनि रह्यो भने विसं २०४२ सालमा नेपाल टेलिभिजनको स्थापना भएपछि नेपालमा टेलिभिजन युग शुरु भयो । शुरुमा ब्ल्याक एन्ड ह्वाइट र त्यसपछि रंगिन टेलिभिजन हेर्ने क्रम बढ्न गयो। त्यसकै अर्को वर्ष मेक्सिकोमा विश्वकप फुटबलको आयोजना भयो । दशरथ रङ्गशालामा मात्र फुटबल हेरिरहेका नेपाली फुटबल समर्थकहरूले टेलिभिजन र विश्वकपको मज्जा एकसाथ लिने अवसर पाए । त्यसभन्दा अगाडि विश्व फुटबलमा नेपाली समर्थकहरू त्यति भिज्न पाएका थिएनन् । विदेशी सूचनाको पहुँच पनि निकै सीमित मात्र थियो। खेलकुद बुझ्न भारतबाट आउने पत्रिकाहरू पढेर, भारतीय रेडियोबाट आउने कमेन्ट्री सुनेर, एन्टिना मिलाएर हेर्ने दुरदर्शन जस्ता मिडियामा भर पर्नुपर्ने त्यतिबेलाका खेलाडीहरू सम्झन्छन् । राष्ट्रिय टोलीका पूर्व खेलाडी भीम थापा सम्झिन्छन् - कोलकाताबाट टेलिग्राफ पत्रिका आउँथ्यो। त्यसमा फुटबलको खूब राम्रो विश्लेषणहरू आँउथ्यो । त्यो पढ्थ्यौं। पेलेको जीवनी नै मगाएर पढेको छु मैले । सन् १९८२ मा आधिकारिक अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेको भएपनि नेपाली राष्ट्रिय फुटबल टोलीले त्यसअघि नै अन्तर्राष्ट्रिय स्तरमा प्रतियोगिताहरूमा भाग लिन शुरु गरिसकेको देखिन्छ । त्यसैताका सन् १९७८ मा आर्जेन्टीनाले विश्वकप जित्यो । आर्जेन्टीनाबारे नेपाली खेलाडीहरू त्यो बेला देखि प्रभावित हुन थाले । सन् १९८२ तिर भारतको दूरदर्शन च्यानलमा अलि अलि अन्तर्राष्ट्रिय फुटबल हेरिन थालियो । म्याराडोनाको चर्चा चाहिँ त्यही बेला देखि सुनिन थालेको उतिबेलाका खेलाडीहरू बताउँछन् । स्थापनापछि विश्वकप फुटबल देखाउने नेपाल टेलिभिजनको निर्णय भने विश्व फुटबलमा नेपालीहरूलाई प्रवेश गराउने 'टर्निङ प्वाइन्ट' बन्न पुगेको देखिन्छ । त्यो प्रसारण निकै नै गाह्रो तरिकाले सम्भव भएको त्यतिबेलाका एनटिभीका स्टाफ प्रकाश केसी बताउँछन् । उनी सम्झिन्छन - भर्खरै स्थापना भएकोले एनटिभीसँग स्याटलाइट लिंक थिएन। त्यो नेपाल टेलिकमसँग थियो। अनि टेलिकमको बलम्बूस्थित अफिसमा गएर विश्वकप टेपमा सार्ने काम हुन्थ्यो। र सारेको टेप सिंहदरबार पठाइन्थ्यो । उनी थप्छन् - हामीले विश्वकप प्रसारण आधा घण्टा ढिलो मात्र शुरु गर्थ्यौं । बलम्बुमा आधा/ आधा घण्टामा टेप सार्ने र एकजना कर्मचारीलाई दौडाउने अनि त्यो आधा घण्टाको खेल सकिनु अगाडि नै अर्को टेप दौडाएर ल्याउथ्यौं। मज्जाको धपेडी हुन्थ्यो । त्यसरी ल्याएको फुटबलको भ्वाइस ओभर गरेका थिए पूर्व राष्ट्रिय खेलाडी कोमल पाण्डे र भीम थापाले । थापा भन्छन् - हामीले सबै खेलाडी कहाँ चिन्थ्यौं र ? जर्सी नम्बर हेरेर कमेन्ट्री गरियो । त्यो अचम्मको अनुभव थियो । एनटीभीले क्वार्टर फाइनलदेखि फाइनलसम्मको खेल प्रसारण गरेको थियो । म्याराडोनाको जादू ऐतिहासिक रूपमा चलेको त्यो विश्वकप संस्करणमा नेपालीहरू प्रत्यक्षदर्शी बने । क्वार्टर फाइनलमा 'ह्यान्ड अफ गड' को नामले चर्चित हाते गोल, सेमिफाइनलमा बेल्जियम र फाइनलमा पश्चिम जर्मनीलाई पराजित गरी आर्जेन्टीनाले विश्वकप जित्यो । त्यो बेला विश्व फुटबलमा छलाउने वा 'ड्रिबलिङ' को फेशन थियो। खेलाडी एक्लैले बल लगेर विपक्षी डि बक्समा हमला गर्ने त्यो कलामा म्याराडोना माहिर थिए । अनि त म्याराडोना र आर्जेन्टीनाको समर्थन नेपालमा छपक्कै बढ्यो । ८६ को त्यो विश्वकपपछि १९९० र १९९४ को विश्वकपमा पनि म्याराडोनाकै छाप थियो । रोजर मिल्लाको गोलले सन् १९९० को पहिलो खेलमा आर्जेन्टीना क्यामरुनसँग पहिलो खेल हारेपछि म्याराडोना प्रति सहानुभूति जनाउने समर्थक नेपालमा कम्ता थिएनन् । तर म्याराडोनाले मेहनत गरेर टोलीलाई फाइनलसम्म पुऱ्याएपछि उनको क्रेज झन चुलिएको देखियो । त्यो संस्करणमा क्वार्टर फाइनलमा ब्राजिललाई नै हराउनु आर्जेन्टीनाको अर्को विशेषता रह्यो । किनकी ब्राजिल र आर्जेन्टीनाका रूपमा नेपाली समर्थकहरू त्यतिबेलासम्म दुई चिरामा विभाजित भइसकेका थिए । नेपाली समर्थकहरूले त्यतिबेलासम्म अन्तर्राष्ट्रिय क्लब फुटबल पछ्याउन थालिसकेका थिए । म्याराडोनाको इटालियन क्लब नापोलीलाई पनि नेपालीहरूले पछ्याए । सन् १९९४ को विश्वकपमा म्याराडोना कोकिनको केशमा प्रतिबन्धमा परे। नेपाली समर्थकहरूले उनलाई माफी दिनुपर्ने आवाज उठाए । फुटबल विश्लेषक सञ्जिव मिश्र भन्छन् - सकारात्मक होस् वा नकारात्मक चर्चा चाहिँ म्याराडोना र आर्जेन्टीनाकै भयो। कोकिन काण्ड होस् या अन्य काण्ड, म्याराडोना छाइरहे। नेपालीहरूले पछ्याई नै रहे । म्याराडोना र नेपालको कुरा आएपछि फाकल्याण्ड युद्धको कुरा त जोडिएर आउँछ नै । किनकी यसको सम्बन्ध प्रत्यक्षरूपमा नेपालसँग जोडिने गर्छ । यसमा धेरै कुरा किम्बदन्ती जस्तै सुनिन्छ, जसको आधिकारिक पुष्टि भएको देखिँदैन । सन् १९८२ मा फाकल्याण्ड टापुको विषयलाई लिएर इङग्ल्याण्ड र आर्जेन्टीना बिच युद्ध चल्यो। २ महिना लामो चलेको सो युद्ध इङ्गल्याण्डले जित्यो। इङ्गल्याण्डले जित्नुको प्रमुख कारण रह्यो 'गोर्खा रेजिमेन्ट' ले देखाएको साहसपूर्ण युद्धकौशल। त्यो हारका कारण आर्जेन्टीनीहरूले नेपाल र गोर्खा रेजिमेन्टलाई मन पराउँदैन भनिन्छ । युद्धपछि भएको १९८६ को विश्वकपको क्वार्टर फाइनलमा जब आर्जेन्टीनाले इङ्गल्याण्डलाई म्याराडोनाको हाते गोलको मद्दतले हरायो, म्याराडोनाले भनेका थिए रे - धन्न इङ्लिस टोलीमा गोर्खालीहरू थिएनन् । यो विषयमा अहिले पनि तर्क वितर्कहरू जारी नै छ । तर त्यो आर्जेन्टीनाको राष्ट्रिय टोली भने थिएन ।मलेसियामा त्यसबेलाको 'मर्डेका कप' फुटबल प्रतियोगितामा नेपाली राष्ट्रिय टोली र आर्जेन्टीनाको एउटा क्लबबिच भेट भएको थियो । उक्त प्रतिस्पर्धामा भाग लिएका राष्ट्रिय टोलीका पूर्वरक्षक श्रीराम रञ्जितकार भन्छन् - क्लबको नाम पनि बिर्सियो। तर त्यसमा म्याराडोनासँगै खेल्ने राष्ट्रिय टोलीका ३/४ जना खेलाडीहरू थिए। नेपालले खेल ३-० ले हारेको थियो । बस इतिहासमा त्यही एक पटक नेपाल र आर्जेन्टीनाबिच फुटबल मैदानमा भेट भएको हो। त्यसपछि अहिलेसम्म त्यस्तो मौका जुरेको छैन । नेपालको सफल ए डिभिजन क्लब मध्येको एक मनाङ मर्स्याङदी क्लब पनि आर्जेन्टीनाबाट प्रभावित भयो र उसले आर्जेन्टीनाको जस्तै जर्सी लगायो । विसं २०४२ सालमा शहिद स्मारक लिगको डि देखि ए डिभिजनसम्मको यात्रामा मनाङले त्यही जर्सी लगाएर खेल्यो । अहिले त्यो 'सेतो र हल्का गाढा निलो धर्के जर्सी' मनाङ मर्स्याङदी क्लबको ब्राण्ड बनिसकेको छ । मनाङका समर्थकहरू भन्ने गर्छन् - रङ गाढा भन्दा हल्का राम्रो हो नी। सेतो आकाशे जर्सी शान्तिको रङ जस्तै लाग्ने । जसरी म्याराडोनाले आर्जेन्टीनामा उसरी नै नेपाली राष्ट्रिय टोलीमा मणि शाहले मुख्य खेलाडीको रूपमा टोली सम्हाले । त्यसैले उनी 'नेपालको म्याराडोना' उपनामले चर्चित भए। आखिर उनले म्याराडोनालाई सम्झाउने काम गरे। आर्जेन्टीनाको समर्थक बढाए । विश्व फुटबल मन पराउने नयाँ पुस्ता अहिले युरोपेली लिगमा अभ्यस्त भइसकेका छन् र अब फरक फरक देशलाई समर्थन गर्नेहरूको सङ्ख्या मजाले बढिसकेको छ । यद्यपि अहिले पनि नेपालमा ब्राजिल र आर्जेन्टीनाकै समर्थकहरू बढी देखिन्छन् । त्यसको एउटा कारण के हो भने म्याराडोना प्रेरित समर्थक हुँदै अब नेपालले लियोनल मेस्सीलाई उत्तराधिकारीका रूपमा पाएका छन् । मेस्सीले विश्व फुटबलमा झन्डै २ दशक लामो समय प्रभाव जमाउँदा नेपालमा थुप्रै समर्थकहरूको मन जितेका छन् । मेस्सी पछि अब को? यो प्रश्न अब आगामी दिनहरूमा उठ्न सक्ला। तर एउटा कुरा प्रस्ट छ आर्जेन्टीनालाई माया गर्ने नेपाली समर्थकहरू तुरुन्तै हराउने चाहिँ देखिँदैन । गजबको कुरा के मात्र हो भने आर्जेन्टीनालाई थाहा छैन की नेपालमा उसका यति धेरै समर्थकहरू छन्, क्लब छ र म्याराडोना जस्तै मणि पनि थिए । बिबिसी

# ब्राजिलको विद्यालयमा गोली चल्दा तीन जनाको मृत्यु, ११ जना घाइते

ब्राजिलिया, १० मङ्सिर

ब्राजिलको एस्पिरिटो सान्तो राज्यको दुईवटा विद्यालयमा शुक्रबार एक बन्दुकधारीले गोली चलाउँदा कम्तीमा तीन जनाको मृत्यु भएको छ भने




११ जना गम्भीर घाइते भएको सीएनएनले ब्राजिलका अधिकारीहरूलाई उद्धृत गर्दै उल्लेख गरेको छ । ब्राजिलमा विद्यालयमा गोली चलाउने बन्दुकधारीले सेमी अटोमेटिक हतियार बोकेको क्यामेरा फुटेजमा देखिएको छ। अनुहार छोपेको सो व्यक्तिले सेनाको पोशाक लगाएको देखिएको छ । यद्यपि गोली प्रहार गर्ने व्यक्ति १६ वर्षीय भएको आशङ्का गरिएको छ । सीएनएनका अनुसार उक्त राज्यको राजधानी भिटोरियाबाट ५० माईल उत्तरमा रहेको सानो शहर अराक्रुजमा सो आक्रमण भएको थियो । एस्पिरिटो सान्तोका गभर्नर रेनाटो कासाग्रान्डेले शुक्रबार ट्वीटमा गर्दै, सुरक्षा टोलीले आक्रमणकारीलाई पक्राउ गरेको छ जसले कायरतापूर्वक अराक्रुजका दुई विद्यालयमा आक्रमण गरेको थियो। मैले अपूरणीय क्षतिको लागि शोकको रूपमा तीन दिनको आधिकारिक शोक घोषणा गरेको छु । हामी घटनाको कारणबारे अनुसन्धान जारी राख्नेछौं र चाँडै नै निष्कर्षमा पुग्नेछौं । गभर्नरका अनुसार, प्रिमो बिट्टी स्कूल र प्रिया डे कोक्वेरल शैक्षिक केन्द्रमा आक्रमणहरू भएका थिए । ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले सो घटनाबारे ट्वीट गर्दै अराक्रुज विद्यालयहरूमा भएको आक्रमणले आफु दुःखी भएको र पीडितहरूलाई क्षतिपूर्ति दिलाउँन आग्रह गराक छन् । (रासस-एएनआई)

# इटालियन टापुमा पहिरोमा परी आठ जनाको मृत्यु

रोम, इटाली, १० मङ्सिर

इटालीको इस्चिया टापुमा भारी वर्षाका कारण गएको पहिरोमा परी शनिबार कम्तीमा आठ जनाको मृत्यु भएको छ । इस्चियामा पहिरोमा परी आठ जनाको मृत्यु भएको पुष्टि भएको छ,पूर्वाधार मन्त्री तथा उपप्रधानमन्त्री माटियो साल्भिनीले भने । यसअघि समाचारमा १३ जना हराइरहेको जानकारी प्राप्त भए पनि आधिकारिक पुष्टि भने भएको छैन । सानो शहर कासामिसिओला टर्मेमा बिहान सबेरै हिलोको छालले कम्तीमा एउटा घर पुरेको र केही सवारी साधनलाई बगाएर समुद्रसम्म पुऱ्याएको स्थानीय सञ्चार माध्यमले जनाएका छन् । एएनएसए समाचार संस्थाका अनुसार मृतकमध्ये एक नवजात शिशु पनि रहेको पुष्टि भएको छ ।



एउटा घर हिलोले पुरिएको र समुद्रमा पुगेको कारबाट दुई जनाको उद्धार गरिएको दमकल सेवाले जनाएको छ । थप उद्धारका नजिकैको प्रमुख शहर नेपल्सबाट सहयोग पठाइए पनि मौसमका कारण टापुमा पुग्न कठिन भएको बताइएको छ । नागरिक सुरक्षा विभागले ट्वीटरमा भनेको छ, हराइरहेकाको खोजी, उद्धार र जोखिममा परेका मानिसहरुलाई सहयोग गर्ने कार्य जारी छ । मौसमका कारण उद्धार कार्यमा कठिनाई भएको छ । स्थानीय अधिकारीहरूले इस्चियाका बासिन्दाहरूलाई उद्धार कार्यमा बाधा नपुगोस् भनेर घरभित्रै बस्न आग्रह गरेका छन् । (रासस/एएफपी)

# अर्को वर्ष विद्युत कटौती अन्त्य गर्ने श्रीलंकाको योजना



कोलम्बो, १० मङ्सिर

श्रीलङ्काका ऊर्जामन्त्री कञ्चना विजेसेकेराले शनिबार पत्रकारहरूलाई आगामी जनवरीसम्ममा निर्बाध विद्युत आपूर्ति सुनिश्चित गर्न सबै सम्भावित उपायहरू अपनाउने बताउनुभएको छ । श्रीलङ्काले फेब्रुअरी २०२२ देखि दैनिक बिजुली कटौतीको सामना गरिरहेको छ । कुनै बेला दैनिक १३ घण्टासम्मको बिजुली कटौती भएको थियो । जुन अहिले दिनको लगभग दुई घण्टामा घटेको छ । मन्त्रीका अनुसार सरकारले पछिल्ला केही महिनामा विद्युत् कटौतीलाई ठूलो मात्रामा कम गर्न कदम चालेका छन् । हरेक वर्ष माघ र असार महिनामा विद्युत महसुल परिमार्जन गर्नु उपयुक्त हुने भन्दै उहाँले विद्युत महसुल परिमार्जन नगरी त्यसो गर्न नसकिने बताएका छन । मन्त्रीका अनुसार उनीहरूले सन् २०२३ मा नवीकरणीय ऊर्जालाई बढावा दिने योजना पनि बनाएका छन् र यो श्रीलङ्काका लागि ऊर्जाको उत्तम स्रोत पनि हो । (रासस-सिन्ह्वा)



मौसम खुलेपछि देखिएका हिमशृङ्खला पोखरा रङ्गशालाभित्रको टेनिस कोर्टबाट शुक्रबार मौसम खुलेपछि देखिएको हिमशृङ्खलाको सुन्दर दृश्य र टेनिसको अभ्यास गर्दै खेलाडी ।
*तस्बिर : कृष्ण दवाडी/रासस*

# एक सय ५१ केजीको मालाले नेपालको सम्मान

मधेशदृष्टि
रौतहट, मंसिर १०

हालै सम्पन्न प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनमा रौतहट क्षेत्र नम्बर एकबाट विजयी भएका वाम गठबन्धनका नेताहरुलाई अहिले भ्याईनभ्याई भएको छ । प्रतिनिधी सभामा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सहित प्रदेशसभामा क्रमश 'क' र 'ख' बाट विजयी भएका कांग्रेसका नागेन्द्र साह र कृष्णा यादवलाई सर्मथकहरुको भ्याइनभ्याई देखिएको छ ।

रौतहट क्षेत्र नम्बर एक अन्तर्गत पर्ने दुई गाउँपालिका सहित ६ नगरपालिकाका समर्थकहरुले विजयी जुलुशमा सहभागी हुन आग्रह गर्दै माला र खाँदा लगाएर सम्मान गर्ने गरेका छन् ।

वाम गठबन्धनका कार्यकर्ता, समर्थक सहित शुभेच्छुकहरुले आयोजना गरेको सम्मान कार्यक्रममा सहभागी हुन बिहानै देखि गाउँ-गाउँमा पुग्ने गरेको नवनिर्वाचित प्रतिनिधिसभा उत्थानका लागि हरसम्भव प्रयास गर्ने समेत अध्यक्ष नेपालले बताए । जनताले विश्वासका साथ दिएको मतलाई कहिल्यै खेर फालिन र आउँदा दिनमा पनि फाल्दिन उनको जिकिर थियो ।

अध्यक्ष नेपालसँगै प्रदेश सभामा विजयी भएका साह र यादवको क्षेत्रमा समेत छुट्टाछुट्टै रुपमा विजयी जुलुस भईरहेको छ ।

फोटो क्याप्सन : प्रतिनिधिसभा सदस्य पदमा नवनिर्वाचित माधवकुमार नेपाल तथा



बधाई खान फुर्सद नै नभएको हो ।

आफ्नो क्षेत्रका समर्थक, पार्टी कार्यकर्ताहरुले आयोजना गरेको विजयी जुलुशमा सहभागी भई उनीहरुलाई बधाई दिन दिनभरी गाउँगाउँमा विजयी उम्मेदवारहरुलाई पुग्न सदस्य पदमा विजयी भएका माधवकुमार नेपालले भने बिहान जान्छु बेलुका कति बजे फर्किन्छु भन्ने थाहा नै हुँदैन । क्षेत्रबासीले दिएको अपार मायालाई व्यवहारमा परिवर्तन गरेर क्षेत्रको समुचित विकास र प्रदेशसभामा निर्वाचित कृष्ण यादवलाई रौतहट प्रदेश सभा (ख) अर्न्तगत गढीमाई नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष रामसिहासन यादवद्धारा १ सय ५१ किलोको मालाले स्वागत । तस्वीर : विकास अग्रवाल

# रामसहाय यादव दोश्रो कार्यकालका लागि निर्वाचित

मधेशदृष्टि
बारा, मंसिर १०



बारा निर्वाचन क्षेत्र नम्बर २ मा पूर्वमन्त्री रामसहाय प्रसाद यादव दोस्रो कार्यकालका लागि निर्वाचित भएका छन् । जनता समाजवादी पार्टी नेपालबाट उम्मेदवारी दिएका यादव आफ्ना निकटतम प्रतिद्वन्द्वीलाई ३ सय ५४ मतको अन्तरले पराजित गर्दै निर्वाचित भएका हुन् । यादवले १३ हजार आठ सय २२ मत प्राप्त गर्दा निकटतम प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रका शिवचन्द्र कुशवाहाले १३ हजार चार सय ६८ मत प्राप्त गरेका छन् । यसअघि २०७४ सालको निर्वाचनमा पनि यादव तत्कालिन संघीय समाजवादी फोरम (हाल जसपा) बाट निर्वाचित भएका थिए। यो संगै बाराको चार वटै निर्वाचन क्षेत्रको प्रत्यक्षतर्फको मतगणना सम्पन्न भएको छ । ४ निर्वाचन क्षेत्रमा प्रतिनिधिसभातर्फ दुई वटामा नेकपा एमाले, एकमा जसपा र एकमा नेकपा एकीकृत समाजवादी विजयी भएका छन् । यसैगरी आठ प्रदेशसभामध्ये चार वटामा एमाले र दुई वटामा जसपा जित निकाल्दा लोसपा र स्वतन्त्रले एक/एक क्षेत्रमा विजय प्राप्त गरेका छन् । प्रतिनिधिसभातर्फ बारा क्षेत्र नम्बर १ र ३ मा एमाले, क्षेत्र नम्बर २ मा जसपा र क्षेत्र नम्बर ४ मा एकिकृत समाजवादीका उम्मेदवार निर्वाचित भएका छन् । यसैगरी प्रदेशसभातर्फ १(क), ३(क), ३(ख) र ४(ख) मा एमालेका उम्मेदवार बिजयी भएका छन्। एमालेसँग चुनावी तालमेल गरेको जसपाले १(ख) र २(ख) को प्रदेशसभामा जित हात पारेको छ । एमाले र जसपाले बाराको चारमध्ये तीन वटा निर्वाचन क्षेत्रमा तालमेल गरेको थियो भने एउटामा मित्रवत प्रतिस्पर्धा गरेको थिए ।

एमाले र जसपाबाहेक प्रदेशसभातर्फ लोकतान्त्रिक समाजवादी पार्टीले क्षेत्र नम्बर ४(ख) मा जित हात पारेको छ भने क्षेत्र नम्बर २(क) मा स्वतन्त्र उम्मेदवार बिजयी भएका छन् । अन्तिम मतपरिणाम अनुसार बारामा एमाले ठूलो दल बनेको छ । प्रतिनिधिसभा र प्रदेशसभातर्फको १२ सिटमध्ये एमालेले ६ सिटमा जित हात पारेको छ भने जसपाले तीन, लोसपा र स्वतन्त्रले एक/एक सिट जितेका छन् । बारामा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र सून्य देखिएको छ । सत्तारुढ गठबन्धनबाट बाराको ४(ख) मा लोसपाका जितेन्द्र सोनल निर्वाचित हुँदा अन्य सबै उम्मेदवार पराजित हुन पुगेका छन् ।

# कांग्रेसद्वारा मतदातालाई आभार

मधेशदृष्टि
वीरगंज, मंसिर १०

नेपाली कांग्रेस पर्साले पाँच दलीय गठबन्धनलाई मतदान गर्ने जिल्लाबासी प्रति आभार व्यक्त गरेको छ ।

नेपाली कांग्रेसका सभापति जनार्दन सिंह क्षेत्रीले शनिवार प्रेस विज्ञप्ती जारी गर्दै गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा ५ दलीय लोकतान्त्रिक वाम गठबन्धनको तर्फबाट उम्मेदवार भएका प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवारहरुलाई आफ्नो भोट दिएर निर्वाचित गराएकोमा जिल्लाबासीलाई आभार व्यक्त गरेका छन् ।

विज्ञप्तीमा निर्वाचन सफल गराउन अहोरात्र खटिने कर्मचारी, सुरक्षा निकाय, संचारकर्मीहरुलाई समेत धन्यवाद व्यक्त गरिएको छ ।

# महावाणिज्य दूतावासद्वारा गुनासो सम्बोधन

वीरगञ्ज, मंसिर १० ।

आजादीको अमृत महोत्सव अन्तर्गत बीरगंजस्थित भारतको महावाणिज्य दूतावासद्वारा १२ औं "ओपन हाउस फर कन्सुलर गुनासो" कार्यक्रम सम्पन्न भएको छ ।

नेपालमा बस्ने पीडित भारतीय नागरिकहरूको गैर-दिनचर्याको कन्सुलर गुनासो समाधान गर्ने उद्देश्यले आयोजना गरिदै आएको छ । शनिवार आयोजित सो कार्यक्रम बीरगंजका शिवम प्लाइउडमा कार्यरत भारतीयले वाणिज्य दूतावासमा दर्ता नवीकरण सम्बन्धी दर्ता गराएको गुनासो सम्बोधन गरिएको छ । अर्को ओपन कन्सुलर हाउस आउंदो महिनाको अन्तिम शनिबार ३१ डिसेम्बरमा हुनेछ। वाणिज्य दूतावास पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, मकवानपुर र चितवन जिल्लामा बसोबास गर्ने भारतीय नागरिकलाई यथाशीघ्र वाणिज्य दूतावासमा गुनासो दर्ता गराउन अपिल महावाणिज्य दूतावासले गरेको छ । यसका साथै सम्बन्धित व्यक्तिले अन्य कुनै पनि कन्सुलर सेवाहरू प्राप्त गर्न र गुनासोहरूको समाधानको लागि समेत सम्पर्क गर्न सक्ने भनी महावाणिज्यले प्रेस विज्ञप्ति मार्फत जनाएको छ ।

# राजश्व चुहावट आरोपमा मियाँ पक्राउ

मधेशदृष्टि
वीरगंज, मंसिर १०

राजश्व चुहावटको आरोपमा राजश्व अनुसन्धान विभागले बाराका एक जनाविरुद्ध मुद्दा दायर गरेको छ ।

विभागले बाराको करैयामाई गाउँपालिका ८, बेलाहीका सरोज मियाँ मंसुरविरुद्ध राजस्व चुहावटको आरोपमा मुद्दा दायर गरेको हो । इलाका प्रहरी कार्यालय हंसपुरको टोलीले पोखरा महानगरपालिका वडा नं.२७ तालचोकस्थित पृथ्वी राजमार्गबाट मियालाई पक्राउ गरेको थियो । बिल बिजक तथा भन्सार प्रज्ञापन पत्र लगायतका कागजात नभएको अवस्थामा ४१३ तोला ५२ लाल चाँदीका विभिन्न किसिमका गहना र नगद नेपाली रुपैयाँ ५७ हजार रुपैयाँ बरामद गरी थप अनुसन्धानका लागि विभागमा पेश गरेको थियो । सोबारे अनुसन्धान गर्दा मंसुरले राजस्व चुहावट गरेको पुष्टि भएको जनाइएको छ । उनीविरुद्ध ५ लाख २४ हजार ८७५ रुपैयाँ बिगो र सजायको माग दाबीसहित विभागले उच्च अदालत पाटनमा शुक्रबार मुद्दा दायर गरिएको विभागले जनाएको छ ।









मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल